# आर्थिक वर्ष २०८२/८३ को
# मौद्रिक नीति




**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

असार २०८२

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले

२०८२ असार २७ गते

सार्वजनिक गर्नुभएको

# आर्थिक वर्ष २०८२/८३ को
# मौद्रिक नीति

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
नेपाल

फोन नं.: ०१-५७१९६४१
वेभसाइट: www.nrb.org.np

# विषय सूची

पृष्ठभूमि ........ १
आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको कार्यान्वयन स्थिति ........ २
आर्थिक तथा मौद्रिक लक्ष्यहरूको स्थिति ........ २
तरलता व्यवस्थापन तथा ब्याजदर ........ २
क्षेत्रगत कर्जा, विपन्न वर्ग र सहुलियतपूर्ण कर्जाको स्थिति ........ ३
अन्य प्रमुख नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति ........ ४
समष्टिगत आर्थिक स्थिति र परिदृश्य ........ ५
अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्य ........ ५
राष्ट्रिय आर्थिक स्थिति समीक्षा एवम् परिदृश्य ........ ६
वास्तविक क्षेत्र ........ ६
मुद्रास्फीति ........ ७
बाह्य क्षेत्र ........ ८
सरकारी वित्त ........ ८
मौद्रिक तथा वित्तीय क्षेत्र ........ ९
आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको कार्यदिशा, संरचना र मौद्रिक उपाय ........ ९
कार्यदिशाको आधार ........ ९
मौद्रिक नीतिको कार्यदिशा ........ ११
मौद्रिक नीतिको संरचना र लक्ष्य ........ ११
अन्तरिम र सञ्चालन लक्ष्य ........ ११
मौद्रिक उपकरण ........ ११
आर्थिक वर्ष २०८२/८३ को वित्तीय क्षेत्र र विदेशी विनिमयसम्बन्धी नीति ........ १२
नियमन तथा सुपरिवेक्षण ........ १३
लघुवित्त ........ १६
भुक्तानी प्रणाली ........ १७
सम्पत्ति शुद्धीकरण निवारण ........ १७
वित्तीय समावेशिता र ग्राहक हित संरक्षण ........ १८
अनुसूची १ मौद्रिक प्रक्षेपण ........ १९
अनुसूची २ आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन स्थिति ........ २०
तालिका सूची ........ ३१

# आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको लागि मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूलभूत उद्देश्यका साथ यस बैंकले आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक नीति सार्वजनिक गर्दै आएको छ । यस श्रृङखलामा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति चौबिसौं रहेको छ ।

२. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमा अघिल्लो आर्थिक वर्षको मौद्रिक नीतिको समीक्षा, आर्थिक तथा वित्तीय स्थिति एवम् परिदृश्यको विश्लेषण, नीतिगत व्यवस्था र प्रमुख कार्यक्रमहरू समावेश गरिएको छ । यसका अतिरिक्त विदेशी विनिमय व्यवस्थापन, वित्तीय क्षेत्र सुधार एवम् नियमन, भुक्तानी प्रणाली, लघुवित्त, वित्तीय पहुँच एवम् ग्राहक संरक्षण र सम्पत्ति शुद्धीकरण निवारणलगायतका नीति तथा कार्यक्रमहरूसमेत यस मौद्रिक नीतिमा समावेश गरिएको छ ।

३. विश्वको आर्थिक वृद्धिदरमा क्रमिक सुधार देखिए तापनि पछिल्लो समय भूराजनीतिक तनाब र कतिपय मुलुकको कठोर व्यापार नीतिको कारण अनिश्चितता बढेको छ । तथापि, विश्व मुद्रास्फीतिमा क्रमिक सुधार आई कोभिडपूर्वको स्थितिमा पुग्न लागेको अन्तर्राष्ट्रिय मुद्रा कोषको विश्लेषण रहेको छ । आर्थिक वृद्धिदर र मुद्रास्फीति दुवै न्यून रहेका विश्वका अधिकांश मुलुकका केन्द्रीय बैकहरूले आर्थिक विस्तारलाई सहयोग गर्न लचिलो मौद्रिक नीति अवलम्बन गर्न थालेका छन् ।

४. अर्थतन्त्र क्रमशः लयमा फर्कन थालेको छ । मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको छ । विप्रेषण आप्रवाह, विदेशी पर्यटक आगमन र निर्यातको बढोत्तरीले विदेशी विनिमय सञ्चिति बढेको छ । विगत दुई वर्षदेखि सङ्कुचनमा रहेका आर्थिक क्षेत्रहरूसमेत विस्तार भई आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा सुधार भएको छ ।

५. बैंकिङ क्षेत्रमा तरलता पर्याप्त रहेको कारण निक्षेप र कर्जाको भारित औसत ब्याजदरहरू घट्दो क्रममा रहेका छन् । औसत मुद्रास्फीतिभन्दा निक्षेपको औसत ब्याजदर उच्च रहेको छ । बढ्दो तरलता र घट्दो ब्याजदरको लाभ अर्थतन्त्रले लिन सक्ने स्थितिमा रहेको छ । वित्तीय क्षेत्रमा स्थायित्व कायम रहेको छ । तथापि, बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा अनुपात तथा गैरबैंकिङ सम्पत्ति र कालोसूचीमा पर्नेहरूको सङ्ख्या बढ्दै गएकोले सजग रहनु पर्ने स्थिति छ ।

६. वित्तीय सेवामा नागरिकको गुणस्तरीय पहुँच अभिवृद्धि गर्न, साधनलाई पुँजी निर्माणमा प्रोत्साहित गर्न र वित्तीय प्रणाली स्वस्थ र सबल बनाउन नीतिगत, संरचनात्मक र कार्यगत सुधार आवश्यक देखिएको छ । यसका लागि तथ्य र सम्वादमा आधारित नीति निर्माण, अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूपको विवेकशील नियमन, प्रभावकारी सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ

प्रणालीको विकासमा जोड दिनु आवश्यक छ । यसै गरी, बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने सेवालाई क्रमिक रूपमा विशिष्टीकृत गर्दै बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरामा पुनरावलोकन गर्न आवश्यक देखिएको छ ।

७. उपर्युक्त पृष्ठभूमिमा मौद्रिक नीति तर्जुमा गर्दा अन्तर्राष्ट्रिय/राष्ट्रिय आर्थिक तथा वित्तीय स्थिति एवम् परिदृश्य र यस बैंकको चौथो रणनीतिक योजनालाई आधार बनाइएको छ । नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट र सोह्रौं योजनालाई समेत ध्यानमा राखिएको छ। यसै गरी, नेपाल सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन, मौद्रिक नीति सुझाव समिति, बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल र सरोकारवालाहरूबाट प्राप्त राय/सुझावसमेतलाई मध्यनजर गरी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गरिएको छ ।

## आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### आर्थिक तथा मौद्रिक लक्ष्यहरूको स्थिति

८. आर्थिक वर्ष २०८१/८२ का लागि मुद्रास्फीति ५.० प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य रहेकोमा २०८२ जेठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको छ । २०८२ जेठ महिनामा वार्षिक विन्दुगत मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ ।

९. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य लिएकोमा २०८२ जेठ मसान्तमा कायम रहेको सञ्चिति १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

१०. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधाको ब्याजदर ६.५ प्रतिशत, तल्लो सीमाको रूपमा रहेको स्थायी निक्षेप सुविधाको ब्याजदर ३.० प्रतिशत र नीतिगत दर ५.० प्रतिशत निर्धारण गरी भारित औसत अन्तरबैंक दर नीतिगत दरको हाराहारीमा कायम गराउने सञ्चालन लक्ष्य तय गरेको थियो । २०८२ जेठ मसान्तसम्ममा भारित औसत अन्तरबैंक दर ३.० प्रतिशत कायम रहेको छ। मौद्रिक नीतिको व्यवस्थाअनुसार तरलता व्यवस्थापनका लागि स्वचालित र नियममा आधारित खुला बजार कारोबार सञ्चालन गरिएको छ ।

### तरलता व्यवस्थापन तथा ब्याजदर

११. आर्थिक वर्ष २०८१/८२ को एघार महिनासम्ममा निक्षेप सङ्कलन बोलकबोलमार्फत ८१ पटक गरी रु.२७ खर्ब ८४ अर्ब ८० करोड तथा स्थायी निक्षेप सुविधामार्फत १३५ पटक गरी रु.१८५ खर्ब ५८ अर्ब ७० करोड तरलता प्रशोचन भएको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले ओभरनाइट तरलता सुविधामार्फत उपभोग गरेको रु.२ अर्ब ७० करोड[१] घटाउँदा

[१] कारोबारमा आधारित

खुद रु.२१३ खर्ब ४० अर्ब ८० करोड तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षमा खुला बजार कारोबारका विभिन्न उपकरणमार्फत खुद रु.३८ खर्ब ६८ अर्ब ८४ करोड तरलता प्रशोचन गरिएको थियो ।

१२. आर्थिक वर्ष २०८१/८२ को एघार महिनासम्ममा विदेशी विनिमय बजारबाट अमेरिकी डलरको खुद खरिदमार्फत रु.६७३ अर्ब २५ करोड तरलता प्रवाह भएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो कारोबारमार्फत रु.७८३ अर्ब ४७ करोड तरलता प्रवाह भएको थियो ।

१३. यस अवधिमा अल्पकालीन ब्याजदरहरू स्थायी निक्षेप सुविधा दरकै हाराहारीमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंक दर अघिल्लो आर्थिक वर्ष औसत ३.६२ प्रतिशत रहेकोमा २०८२ जेठसम्ममा औसत २.९९ प्रतिशत कायम भएको छ । यसै गरी, ९१-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर २०८१ असारमा ३.०० प्रतिशत रहेकोमा २०८२ जेठमा २.९४ प्रतिशत कायम भएको छ ।

१४. बैंक तथा वित्तीय संस्थाको अल्पकालीन ब्याजदरहरू न्यून रहेकोले निक्षेप र कर्जाको ब्याजदरहरूसमेत घट्दै गएका छन् । २०८१ जेठमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.१७ प्रतिशत, विकास बैंकहरूको ७.०७ प्रतिशत र वित्त कम्पनीहरूको ८.२८ प्रतिशत रहेकोमा २०८२ जेठमा यस्ता औसत ब्याजदरहरू क्रमशः ४.२९ प्रतिशत, ५.०२ प्रतिशत र ६.०९ प्रतिशत कायम भएको छ । यसै गरी, २०८१ जेठमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १०.१५ प्रतिशत, विकास बैंकहरूको ११.६३ प्रतिशत र वित्त कम्पनीहरूको १२.८५ प्रतिशत रहेकोमा २०८२ जेठमा यस्ता औसत ब्याजदरहरू क्रमशः ७.९९ प्रतिशत, ९.४० प्रतिशत र १०.२२ प्रतिशत कायम भएको छ ।

## क्षेत्रगत कर्जा, विपन्न वर्ग र सहुलियतपूर्ण कर्जाको स्थिति

१५. २०८२ वैशाख मसान्तमा वाणिज्य बैंकहरूबाट लगानीमा रहेको कुल कर्जामध्ये कृषि क्षेत्रमा १३.९ प्रतिशत (रु.६४७ अर्ब ८५ करोड), ऊर्जा क्षेत्रमा ९.० प्रतिशत (रु.४१८ अर्ब ७४ करोड) र लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा १०.८ प्रतिशत (रु.५०३ अर्ब ३९ करोड) रहेको छ । यसै गरी, विकास बैंकहरूबाट कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कुल कर्जाको २६.४ प्रतिशत (रु.१३२ अर्ब ८८ करोड) र वित्त कम्पनीहरूबाट १८.८ प्रतिशत (रु.१९ अर्ब ६ करोड) कर्जा लगानीमा रहेको छ ।

१६. वाणिज्य बैंकहरूबाट प्रवाह भएको कुल कर्जामध्ये २०८१ चैत मसान्तमा औसत ५.६ प्रतिशत (रु.२६२ अर्ब २२ करोड) कर्जा विपन्न वर्गमा प्रवाह भएको छ । यसै गरी, विकास बैंकहरूबाट ७.१ प्रतिशत (रु.३६ अर्ब १७ करोड) र वित्त कम्पनीहरूबाट ५.५ प्रतिशत (रु.५ अर्ब ६० करोड) कर्जा विपन्न वर्गमा प्रवाह भएको छ ।

१७. नेपाल सरकारबाट ब्याज अनुदान प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत २०८२ जेठ मसान्तमा ९८ हजार ५ सय २८ ऋणीलाई प्रवाह भएको कर्जामध्ये रु.८५ अर्ब १० करोड कर्जा बक्यौता रहेको छ ।

## अन्य प्रमुख नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति

१८. बैंक तथा वित्तीय संस्थाहरूले असल कर्जाका लागि कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थालाई १.२ प्रतिशतबाट क्रमशः घटाई १.० प्रतिशत कायम गरिएको छ। यसै गरी, Capital Adequacy Framework अन्तर्गत रहेको Countercyclical Capital Buffer वापत बैंक तथा वित्तीय संस्थाले थप गर्नुपर्ने पुँजी आर्थिक वर्ष २०८१/८२ का लागि शून्य प्रतिशत रहेको छ। निर्माणलगायतका क्षेत्रमा प्रवाहित कर्जालाई २०८२ असारसम्म पुनरसंरचना र पुनर्तालिकीकरण गर्न सहजीकरण गरिएको छ। मार्जिन प्रकृतिका कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाई १०० प्रतिशत कायम गरिएको छ।

१९. बैंक तथा वित्तीय संस्थाको निष्कृय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भएको ६ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था गरिएको छ।

२०. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सूचक संस्थाले पालना गर्नुपर्ने दायित्वका लागि Guideline on Targeted Financial Sanctions for Financial Institutions कार्यान्वयनमा ल्याइएको छ।

२१. पुँजीकोष गणना गर्ने सन्दर्भमा Regulatory Retail Porftfolio अन्तर्गत गणना हुनसक्ने कर्जाको अधिकतम सीमालाई रु.२ करोडबाट बढाएर रु.२ करोड ५० लाख कायम गरिएको छ।

२२. बैंक तथा वित्तीय संस्थालाई वातावरणमैत्री क्षेत्रमा कर्जा तथा लगानी अभिवृद्धि गर्न प्रोत्साहित गर्ने उद्देश्यले Nepal Green Finance Taxonomy जारी गरिएको छ।

२३. परिवर्त्य विदेशी मुद्रा खाताबाट खर्च गर्न सकिने सटही सुविधाको सीमा वृद्धि गरिएको छ। वस्तु तथा सेवा आयातसम्बन्धी सटही सुविधालाई सहज बनाई वार्षिक तथा क्षेत्रगत सीमा निर्धारण गरिएको छ। नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली, २०७८ को चौथो संशोधनमार्फत विदेशी लगानी तथा ऋणसम्बन्धी व्यवस्थालाई थप सरलीकरण गरिएको छ। विदेशी विनिमय जोखिम न्यूनीकरणको उपकरण प्रयोगमा ल्याउन नेपाल राष्ट्र बैंक स्वाप कारोबार विनियमावली, २०८१ जारी गरिएको छ। विदेशी विनिमय कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाहरूले नियमानुसार विदेशमा गर्ने लगानीको विनिमय जोखिम कम गर्न प्रयोग गरिने नन्डेलिभरेबल फरवार्डको अधिकतम सीमालाई प्राथमिक पुँजीको १५ प्रतिशतबाट वृद्धि गरी २० प्रतिशत कायम गरिएको छ।

२४. विदेशबाट सामान आयात गर्दा Document Against Payment र Document Against Acceptance को माध्यमबाट आयात गर्न सकिने सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी १ लाख कायम गरिएको छ। साथै, ड्राफ्ट/टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी ५० हजार कायम गरिएको छ। नेपाल सरकारका निकायलाई सार्वजनिक खरिद कानुनबमोजिम गरिएको खरिदको भुक्तानी

गर्न आवश्यक पर्ने सटही सुविधामा ड्राफ्ट/टी.टी.को सीमा लागु नहुने एवम् एकभन्दा बढी भुक्तानीको माध्यम प्रयोग गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

२५. बैंकिङ तथा भुक्तानी प्रणालीसम्बन्धी कार्य गर्ने वित्तीय नवप्रवर्तकहरूलाई नीतिगत एवम् नियामकीय व्यवस्थाको जानकारी तथा नियामकीय पहुँच विस्तार गर्ने उद्देश्यले सरोकारवाला निकाय र निजी क्षेत्रको समेत सहभागिता हुने गरी Digital Finance Innovation Hub स्थापना गरिएको छ ।

२६. राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना तयार गरिएको छ ।

२७. आर्थिक वर्ष २०८०/८१ लाई आधार वर्ष मानेर उपभोक्ता मूल्य सूचकाङ्क र तलब तथा ज्यालादर सूचकाङ्क प्रकाशन गर्न थालिएको छ ।

२८. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति र त्यसको त्रैमासिक समीक्षाहरूमा भएका व्यवस्थाबमोजिम बैंक खाता रोक्का तथा फुकुवा विनियमावली, २०८१; बैंक तथा वित्तीय संस्थाको सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१ र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ जारी भएका छन् । यसै गरी, लघुवित्त वित्तीय संस्थाहरूका लागि सञ्चालन मार्गदर्शन, २०८१ तथा जोखिम व्यवस्थापनका लागि Risk Management Guidelines for Microfinance Institutions जारी गरिएको छ । लघुवित्त वित्तीय संस्थाहरूले वित्तीय विवरण प्रकाशन गर्दा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२९. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति र त्रैमासिक समीक्षाहरूमा गरिएको नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थितिको पूर्ण विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

# समष्टिगत आर्थिक स्थिति र परिदृश्य

## अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्य

३०. कोभिड-१९ महामारीपश्चात् क्रमशः सुधार हुँदै गएको विश्व अर्थतन्त्र बढ्दो भूराजनीतिक तनाब र पछिल्लो समय ठूला अर्थतन्त्रहरूबीचको कठोर व्यापारिक नीतिले पुनः प्रभावित हुन थालेको अन्तर्राष्ट्रिय मुद्राकोषको विश्लेषण रहेको छ[२] । फलस्वरूप, सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा २.८ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ । सन् २०२४ मा १.८ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२५ मा १.४ प्रतिशतले विस्तार हुने र सन् २०२४ मा ४.३ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र सन् २०२५ मा ३.७ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ । सन् २०२४ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ५.० प्रतिशतले विस्तार

---

२ वर्ल्ड इकोनोमिक आउटलुक (अप्रिल, २०२५), अन्तर्राष्ट्रिय मुद्राकोष ।

भएकोमा सन् २०२५ मा क्रमशः ६.२ प्रतिशत र ४.० प्रतिशतले मात्र विस्तार हुने कोषको प्रक्षेपण छ ।

३१. विगत तीन वर्षदेखि विश्व मुद्रास्फीति घट्दै गएको छ । सन् २०२४ मा ५.७ प्रतिशत रहेको विश्वको उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा ४.३ प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ । विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेकोमा सन् २०२५ मा २.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । साथै, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा ७.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । विश्व मुद्रास्फीति घट्ने क्रममा रहे तापनि भू-राजनीतिक तनाब र केही मुलुकहरूको कठोर व्यापार नीतिले मूल्यमा चाप पर्न सक्ने जोखिम कायमै रहेको कोषको विश्लेषण रहेको छ ।

३२. मुद्रास्फीति घट्दै गएसँगै विश्वका अधिकांश मुलुकहरूले लचिलो मौद्रिक नीति अवलम्बन गर्न थालेका छन् । युरोपियन केन्द्रीय बैंक (ECB) ले सन् २०२४ जुनदेखि आठ पटक निक्षेप सुविधा दरलाई घटाएको छ । यसै गरी, भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि ६.५ प्रतिशत कायम गरेको नीतिगत दर सन् २०२५ फेब्रुअरी यता लगातार तीन पटक घटाएर सन् २०२५ जुनमा ५.५ प्रतिशत कायम गरेको छ । पिपुल्स बैंक अफ चाइनाले २०२३ जुनमा ३.५५ प्रतिशत रहेको एक वर्षे लोन प्राइम रेट घटाएर २०२५ जुनमा ३.०० प्रतिशत कायम गरेको छ । अमेरिकी फेडरल रिजर्भले फेडरल फण्ड्स रेटलाई सन् २०२४ सेप्टेम्बरको ५.२५-५.५ प्रतिशतको दायराबाट तीन पटक घटाएर सन् २०२४ डिसेम्बरमा ४.२५-४.५० प्रतिशतको दायराभित्र कायम गरी निरन्तरता दिएको छ ।

## राष्ट्रिय आर्थिक स्थिति समीक्षा एवम् परिदृश्य

### वास्तविक क्षेत्र

३३. आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धि ४.६१ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान छ । अघिल्लो आर्थिक वर्ष आर्थिक वृद्धि ३.६७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा कृषि क्षेत्र ३.२८ प्रतिशत, उद्योग क्षेत्र ४.५३ प्रतिशत र सेवा क्षेत्र ४.२१ प्रतिशतले वृद्धि हुने अनुमान छ । अघिल्ला दुई आर्थिक वर्षहरूमा उत्पादनमूलक उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापार उप-क्षेत्रहरू सङ्कुचनमा गएकोमा आर्थिक वर्ष २०८१/८२ मा ती सबै उपक्षेत्रहरू विस्तार हुने अनुमान छ । आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रयमासमा आर्थिक वृद्धि ४.८ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो अनुमान छ ।

३४. यो वर्ष समयमै मनसुन भित्रिएकोले धानलगायतका वर्षे बालीहरूको उत्पादनमा सकारात्मक प्रभाव पर्ने अनुमान छ । यसै गरी, सरकारले उन्नत बीउमा अनुदान दिएको, रासायनिक मल सहज रूपमा उपलब्ध गराएको र धान, मकै, गहुँ, उखु तथा कफीको खेती गरिनुअगावै न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने व्यवस्था गरेकोले कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ ।

३५. निर्माणाधीन राष्ट्रिय गौरवका तथा उच्च प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरूमध्ये नागढुङ्गा सुरुङमार्ग, काठमाडौं-तराई द्रुतमार्ग, पृथ्वी लोकमार्गको पोखरा-मुग्लिन सडक खण्ड, भेरी-बबई बहुउद्देश्यीय परियोजना, सिद्धबाबा सुरुङमार्गलगायतका आयोजनाहरू सम्पन्न हुने चरणमा रहेका छन् । यस्ता आयोजनाहरूको निर्माणपश्चात् उद्योग र सेवा क्षेत्रको क्षमता विस्तारमा सहयोग पुग्दै आर्थिक क्रियाकलाप विस्तार हुने अनुमान रहेको छ । यसै गरी, आगामी पाँच वर्षसम्म जडित जलविद्युत् क्षमता प्रत्येक वर्ष कम्तीमा एक हजार मेगावाटका दरले थपिने गरी निर्माण कार्य अघि बढेको छ । बङ्गलादेशसँग विद्युत् खरिद सम्झौता भई २०८२ असार १ गतेबाट विद्युत् निर्यात हुन थालेको छ ।

३६. पर्यटक आगमन सङ्ख्या कोभिड-१९ अघिको अवस्थामा पुग्नुको साथै पर्यटन पूर्वाधार विस्तार भएको छ । पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन भएमा आन्तरिक तथा वाह्य पर्यटन र यससँग सम्बन्धित अर्थतन्त्रमा अग्र-पृष्ठ सम्बन्धका क्षेत्रहरूमा उत्पादन एवम् रोजगारी वृद्धि हुने सम्भावना रहेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सूचना प्रविधि सेवा निर्यातका लागि नीतिगत सहजीकरण गर्ने, साना तथा मझौला उद्यम प्रोत्साहन गर्ने लगायतका कार्यक्रम ल्याएकोले सेवा निर्यात विस्तार हुने अनुमान छ ।

३७. आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । तीनै तहका सरकारको बजेटमा पुँजीगत खर्चको विनियोजन अघिल्लो वर्षको तुलनामा बढेको, वित्तीय प्रणालीमा न्यून ब्याजदरसहित लगानीको लागि पर्याप्त तरलता रहेको र लगानीसम्बन्धी कानुनहरू सुधार भई लगानीको वातावरण थप अनुकूल हुँदै गएको सन्दर्भमा कृषि, सेवा र पूर्वाधार क्षेत्रको विकास तथा विस्तार भई लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहज हुने देखिन्छ ।

## मुद्रास्फीति

३८. आर्थिक वर्ष २०८१/८२ को एघार महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो । २०८२ जेठमा खाद्य समूहको मुद्रास्फीति ०.५४ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको मुद्रास्फीति ३.९४ प्रतिशत रही वार्षिक विन्दुगत मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ । यस अवधिमा आन्तरिक कृषि उत्पादन बढेको, भारतमा थोक तथा उपभोक्ता मुद्रास्फीति घटेको, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा सुधार आएको र आन्तरिक ढुवानीसमेत सहज रहेकोले मुद्रास्फीतिमा उल्लेख्य सुधार आएको हो ।

३९. पछिल्ला महिनाहरूमा मुद्रास्फीति चाप न्यून हुँदै गएको, मनसुन समयमै भित्रिएकोले खाद्यान्न उत्पादन सकारात्मक हुने देखिएको र नेपालको मुद्रास्फीतिमा प्रत्यक्ष प्रभाव हुने भारतको मुद्रास्फीति क्रमशः कम हुँदै आगामी वर्ष ३.७ प्रतिशत रहने प्रक्षेपण रहेको सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ मा मुद्रास्फीति ५.० प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण रहेको छ ।

## बाह्य क्षेत्र

४०. पछिल्लो समयमा वैदेशिक व्यापारले गति लिन थालेको छ । आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल वस्तु निर्यात ७७.८ प्रतिशतले वृद्धि भई रु.२४७ अर्ब ५७ करोड पुगेको छ भने कुल वस्तु आयात १३.१ प्रतिशतले वृद्धि भई १६ खर्ब ४४ अर्ब ८० करोड पुगेको छ । यस अवधिमा व्यापार घाटा ६.३ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ९७ अर्ब २३ करोड पुगेको छ । निर्यातको वृद्धिदर उच्च भए पनि आधार सानो भएको र आयात लयमा फर्कन थालेकाले आगामी वर्ष व्यापार घाटा केही फराकिलो हुने अनुमान छ ।

४१. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १५.५ प्रतिशत र अमेरिकी डलरमा १२.७ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या (नयाँ तथा नवीकरणसहित) अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.४ प्रतिशतले वृद्धि भई ७,६०,३९१ पुगेको छ । आर्थिक वर्ष २०८२/८३ मा बाह्य परिस्थिति अनुकूल रहेमा विप्रेषण आप्रवाहको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ ।

४२. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा शोधनान्तर स्थिति रु.४९१ अर्ब ४४ करोडले र चालु खाता रु.३०७ अर्ब ३१ करोडले बचतमा रहेको छ । आयातको तुलनामा विप्रेषण आप्रवाह वृद्धि उच्च रहेकोले शोधनान्तर स्थिति र चालु खातामा उल्लेख्य बचत कायम हुन सकेको छ । आर्थिक वर्ष २०८२/८३ मा समेत चालु खाता र शोधनान्तर स्थिति बचतमा रहने अनुमान छ ।

४३. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल विदेशी विनिमय सञ्चिति २५.९ प्रतिशतले वृद्धि भई २०८२ जेठ मसान्तमा रु.२५ खर्ब ६९ अर्ब ३८ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २२.२ प्रतिशतले वृद्धि भई १८ अर्ब ६५ करोड पुगेको छ । यस अवधिमा कायम रहेको विदेशी विनिमय सञ्चिति करिव १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ । आगामी आर्थिक वर्षमा समेत चालु खाता र शोधनान्तर स्थिति अनुकूल भई पर्याप्त विदेशी विनिमय सञ्चिति कायम रहने अनुमान छ ।

## सरकारी वित्त

४४. नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा संघीय सरकारको कुल खर्च ८.६ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये कुल खर्चमा चालु खर्चको अंश ६६.४ प्रतिशत र पुँजीगत खर्चको अंश ११.२ प्रतिशत रहेको छ । यसै गरी, यस अवधिमा नेपाल सरकारको राजस्व परिचालन १०.५ प्रतिशतले बढेको छ । यसमध्ये कर राजस्व १०.७ प्रतिशत र गैरकर राजस्व ८.८ प्रतिशतले बढेको छ । कुल राजस्वमा कर राजस्वको अंश ९०.३ प्रतिशत रहेको छ ।

४५. नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा रु.३१४ अर्ब ९९ करोड आन्तरिक ऋण र रु.९९ अर्ब २० करोड बाह्य ऋण गरी कुल रु.४१४ अर्ब १९ करोड ऋण परिचालन भएको छ । यस अवधिमा आन्तरिक तथा बाह्य ऋण गरी रु.२६६ अर्ब ६६ करोड ऋण भुक्तानी भएको छ ।

४६. नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि रु.१९ खर्ब ६४ अर्बको बजेट प्रस्तुत गरेको छ । यसमध्ये पुँजीगत खर्च रु.४०७ अर्ब ८९ करोड रहेको छ । बजेटमा खर्च व्यहोर्ने स्रोतहरूमध्ये राजस्व परिचालनबाट रु.१३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट रु.५३ अर्ब ४५ करोड व्यहोर्दा रु. ५ खर्ब ९६ अर्ब न्यून हुने देखिएको छ। उक्त बजेट घाटा पूर्ति गर्न आन्तरिक ऋण रु.३६२ अर्ब र बाह्य ऋण रु.२३३ अर्ब ६६ करोड परिचालन हुने अनुमान गरिएको छ ।

### मौद्रिक तथा वित्तीय क्षेत्र

४७. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ९.१ प्रतिशतले वृद्धि भएको थियो । गत वर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा खुद वैदेशिक सम्पत्ति उल्लेख्य रूपमा बढे तापनि खुद आन्तरिक सम्पत्तिको विस्तार न्यून रहेकाले विस्तृत मुद्राप्रदाय विस्तार कम हुन गएको हो ।

४८. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा बैंक तथा वित्तीय संस्थाहरूले निजी क्षेत्रतर्फ रु.४०७ अर्ब ६२ करोड कर्जा विस्तार गरेका छन् । वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाको निजी क्षेत्रतर्फको कर्जा प्रवाह ८.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ५.६ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा निक्षेप परिचालन १२.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १२.६ प्रतिशतले वृद्धि भएको थियो ।

४९. बैंक तथा वित्तीय संस्थाहरूमा तरलता पर्याप्त रहेकोले निक्षेप र कर्जाको ब्याजदर घट्दो क्रममा रहेका छन् । २०८१ जेठमा वाणिज्य बैंकहरूको औसत आधार दर ८.१७ प्रतिशत रहेकोमा २०८२ जेठमा ६.०९ प्रतिशतमा झरेको छ । यसै गरी, २०८१ जेठमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.१७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १०.१५ प्रतिशत रहेकोमा यस अवधिमा क्रमशः ४.२९ प्रतिशत र ७.९९ प्रतिशत कायम भएको छ ।

५०. पछिल्ला दुई वर्ष अर्थतन्त्रमा देखिएको शिथिलताले बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुलीसमेत प्रभावित भई २०८१ चैतमा निष्कृय कर्जा अनुपात ५.२४ प्रतिशत पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो अनुपात ३.९८ प्रतिशत रहेको थियो । यद्यपि, बैंक तथा वित्तीय संस्थाहरूले कायम राख्नु पर्ने न्यूनतम पुँजीकोष अनुपात र तरल सम्पत्ति नियामकीय सीमाभित्रै रहेको छ ।

## आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको कार्यदिशा, संरचना र मौद्रिक उपाय

### कार्यदिशाको आधार

५१. वित्तीय प्रणालीमा अधिक तरलता कायम भई कर्जाको ब्याजदर घट्दै गएको पृष्ठभूमिमा समग्र मागमा सुधार हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा मुद्रास्फीति ५.० प्रतिशतको हाराहारी कायम गर्ने उल्लेख भएकोमा एघार महिनासम्मको औसत मुद्रास्फीति ४.२४ प्रतिशत

रहेको छ । विगत ६ महिनादेखि मुद्रास्फीति क्रमशः घट्दै २०८२ जेठमा २.७२ प्रतिशत रहेको छ । त्यसैगरी, न्यूनतम ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८२ जेठमा कायम सञ्चिति १४.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ । यस बैंकले प्रक्षेपित र अपेक्षित मुद्रास्फीतिको अन्तर तथा विदेशी विनिमय सञ्चितिको आधारमा नीतिगत दरसम्बन्धी निर्णय लिँदै आएको छ। उपर्युक्त सहज परिस्थितिमा समग्र माग अभिवृद्धि गर्न मौद्रिक नीतिको कार्यदिशा केही लचिलो बनाउनु आवश्यक देखिएको छ । यसका साथै, निक्षेपको वास्तविक ब्याजदर नकारात्मक हुन नदिनेतर्फ समेत ध्यान दिइएको छ ।

५२. कोभिड महामारीपश्चात् कुल गार्हस्थ उत्पादनमा कुल स्थिर पुँजी निर्माणको हिस्सा घट्दै गएको छ भने कुल स्थिर पुँजीमा निजी क्षेत्रको पुँजी निर्माणको अंशसमेत न्यून हुँदै गएको देखिन्छ। वित्तीय मध्यस्थता लागत र कर्जाको ब्याजदर न्यून हुँदा पनि पुँजी निर्माणमा अपेक्षित सुधार आउन नसकेको हुँदा अर्थतन्त्रका सबल अग्र-पृष्ठ सम्बन्ध भएका एवम् उत्पादन र पुँजी निर्माणमा प्रत्यक्ष योगदान गर्ने क्षेत्र तर्फ वित्तीय साधन परिचालनमा ध्यान दिनुपर्ने भएको छ।

५३. कोभिड-१९ महामारीबाट अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न अवलम्बन गरिएका गैरपरम्परागत मौद्रिक उपायहरू र नीतिगत सहजतापश्चात् मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिमा दबाब देखिएको थियो। विगत दुई वर्षदेखि उपरोक्त आर्थिक चरहरू माथिको दबाब कम हुन थालेकोले मौद्रिक उपाय र नियामकीय व्यवस्थाहरूलाई सहज बनाउँदै लगिएको छ । तथापि, पर्याप्त तरलता र न्यून ब्याजदरका बाबजुद कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न नसकेकोले विवेकशील नियमनलगायतका नियामकीय व्यवस्थाहरूसँगको तादात्म्य सहितको आर्थिक तथा मौद्रिक नीतिगत सुधारमा जोड दिनुपर्ने भएको छ ।

५४. ब्याजदर करिडोर संरचनाको कार्यान्वयनबाट मौद्रिक नीतिको सञ्चालन लक्ष्यको अनुगमन गर्न र नीतिगत पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुगेको छ । ब्याजदरमा आधारित मौद्रिक प्रसार थप सुदृढ बनाउन ब्याजदर करिडोरको कार्यान्वयनमा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गर्दै करिडोरको विद्यमान माथिल्लो र तल्लो सीमाको अन्तर घटाई साँघुरो बनाउन आवश्यक छ। यसै गरी, खुला बजार कारोबारलाई प्रभावकारी बनाउन तरलता प्रवाह र प्रशोचनका व्यवस्थाहरूमा सुधार गर्दै अल्पकालीन ब्याजदरहरू करिडोरको सीमाभित्र कायम राख्न ब्याजदरसम्बन्धी नीतिगत सुधारमा ध्यान दिनुपर्ने भएको छ ।

५५. पछिल्लो समय मुद्रास्फीति न्यून रहेको र विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहेतापनि विश्व अर्थतन्त्रमा बेलाबखत देखिने भूराजनैतिक तनाब, व्यापार असहजता र कच्चा तेलको मूल्यमा हुने उत्तार-चढावबाट उत्पन्न हुने जोखिमलाई ध्यान दिनुपर्ने हुन्छ । तसर्थ, मुद्रास्फीति, व्यापार घाटा, विप्रेषण आप्रवाह, शोधनान्तरजस्ता प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरूको नियमित अनुगमन गरी कर्जा विस्तारबाट मूल्य र बाह्य क्षेत्रमा दबाब पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्न जोड दिनुपर्ने भएको छ ।

## मौद्रिक नीतिको कार्यदिशा

५६. सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको छ । यसबाट निजी क्षेत्रको पुँजी निर्माण र सरकारको आन्तरिक ऋण परिचालनको लागतमा समेत कमी आई आर्थिक गतिविधि अभिवृद्धि सहज हुने अपेक्षा गरिएको छ ।

५७. वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि तथा कर्जा अधिकेन्द्रीकरण कम गर्न मौद्रिक उपाय र विवेकशील नियमनलगायतका नियामकीय व्यवस्थाहरूमा तादात्म्य कायम गरिएको छ ।

५८. खुला बजार कारोबार एवम् ब्याजदर करिडोरलाई थप सुदृढ बनाई मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाइएको छ ।

## मौद्रिक नीतिको संरचना र लक्ष्य

५९. आर्थिक वर्ष २०८२/८३ मा ५.० प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिनेछ ।

६०. आर्थिक वर्ष २०८२/८३ को लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.० प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ ।

## अन्तरिम र सञ्चालन लक्ष्य

६१. नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरलाई मौद्रिक नीतिको अङ्कुशको रूपमा लिइँदै आएकोमा यसलाई अन्तरिम लक्ष्यको रूपमा यथावत् राखिएको छ ।

६२. बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा यथावत् राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबार सञ्चालनलाई निरन्तरता दिइएको छ ।

६३. बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गरिनेछ ।

## मौद्रिक उपकरण

६४. ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत र ब्याजदर करिडरको तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशतबाट घटाई २.७५ प्रतिशत निर्धारण गरिएको छ । नीतिगत दरलाई ५.० प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको छ ।

६५. बैंकदरमा स्थायी तरलता सुविधा प्रदान हुने विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ ।

६६. अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ ।

६७. बैंकिङ प्रणालीमा रहने संरचनागत प्रकृतिको तरलता व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक ऋणपत्र निस्काशन गरिनेछ ।

६८. बैंक तथा वित्तीय संस्थाहरूबीच गरिने अन्तरबैंक कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाई यथार्थ समयको कारोबार यस बैंकले प्रत्यक्ष अनुगमन गर्न सकिने गरी प्रणालीगत सुधार गरिनेछ ।

## आर्थिक वर्ष २०८२/८३ को वित्तीय क्षेत्र र विदेशी विनिमयसम्बन्धी नीति

६९. अर्थतन्त्र क्रमिक रूपमा लयमा फर्कन थाले पनि बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जा र गैरबैंकिङ सम्पत्ति बढेको छ । यसबाट पुँजी कोषमा दबाब पर्न गई कर्जा लगानी क्षमतासमेत प्रभावित भएको छ । ऋणीहरू कालो सूचीमा पर्ने क्रम बढ्दै गएको छ । तसर्थ, बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी क्षमता बढाउने, कर्जा व्यवस्थापनलाई सहज बनाउने र पुँजीकोष सुदृढ बनाई वित्तीय स्थायित्व कायम गर्ने कार्य प्राथमिकतामा रहेको छ । साथै, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनामा प्राथमिकता दिई बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ ।

७०. बैंकिङ प्रणालीमा रहेको अधिक तरलता र न्यून ब्याजदरबाट अर्थतन्त्रले लाभ लिन सक्ने अवस्था छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा स्वनियमनमा रही ऋणीको परियोजना, ज्ञान, सीप र क्षमताको विश्लेषणलाई उच्च प्राथमिकता दिनु आवश्यक छ । वित्तीय स्थायित्वका लागि अन्तर्राष्ट्रिय मापदण्डमा आधारित नियमनका व्यवस्थालाई लागु गर्दै क्रमशः अतिरिक्त नियमनहरू खुकुलो बनाउने र जोखिममा आधारित अनुगमन/सुपरिवेक्षणलाई उच्च प्राथमिकतामा राखी कर्जासम्बन्धी निर्णयमा बैंक तथा वित्तीय संस्थालाई थप जिम्मेवार बनाउनु आवश्यक छ ।

७१. प्रविधिको तीव्र विकास र उपयोगसँगै वित्तीय प्रणाली नयाँ चरणमा प्रवेश गरेको छ । आधुनिक प्रविधिको विकासलाई आत्मसात गर्दै वित्तीय क्षेत्रमा नयाँ सीप, क्षमता र अवसरको सदुपयोग गर्नु पर्ने हुन्छ । यसका लागि संस्थागत विविधता कायम गरी वित्तीय साधन पहुँचयोग्य र प्रतिस्पर्धी बनाउन बैंक तथा वित्तीय संस्थाहरूलाई विशिष्टीकृत सेवा प्रदान गर्न प्रोत्साहन गर्न आवश्यक छ ।

७२. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको कार्यदिशासँग सामञ्जस्य हुने गरी विवेकशील नियमन एवम् नियामकीय, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणाली र सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू गरिएको छ ।

## नियमन तथा सुपरिवेक्षण

७३. वित्तीय प्रणालीमा देखिएका विद्यमान अवसर र चुनौतीहरूको सम्बोधन गर्दै वित्तीय प्रणालीको दिगो विकास र विस्तारको लागि दोस्रो वित्तीय क्षेत्र रणनीति नेपाल सरकारबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा ल्याइनेछ ।

७४. निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिनेछ । पहिलो घर निर्माण/खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

७५. चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिनेछ ।

७६. विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिनेछ ।

७७. कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गरी न्यून र मध्यम आय भएका घर परिवारको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले देहायबमोजिमको व्यवस्था गरिनेछ ।

(क) बैंक तथा वित्तीय संस्थाहरूले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिनेछ ।

(ख) यसरी प्रवाह हुने रु.१० लाखसम्मको कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिनेछ ।

(ग) बैंक तथा वित्तीय संस्थाहरूले खाद्यान्न, बाली, पशुपन्छी, माछापालनलगायत कृषि व्यवसायसँग सम्बन्धित कार्यका लागि व्यक्ति वा व्यावसायिक फर्मलाई फसल तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी विभिन्न अवधि र प्रकृतिका कर्जा प्रवाह गर्नसक्ने व्यवस्थालाई थप सरलीकरण गर्दै कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ ।

७८. नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका जातका कृषि उपजहरूको उत्पादन अभिवृद्धि गर्ने उद्देश्यका लागि बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जामा सहजीकरण गरिनेछ ।

७९. हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (सङ्केत) लिएका होटल तथा रेष्टुरेन्ट र राजमार्ग/लोकमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायहरूलाई प्रवर्द्धन गर्न उक्त क्षेत्रका उद्योग व्यवसायीहरूलाई प्रवाह हुने कर्जामा देहायबमोजिमका व्यवस्थाहरू गरिनेछ ।

(क) रु. ३ करोडसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) यस्तो कर्जामा आधार दरमा बढीमा २ प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

८०. जाजरकोट, रुकुमलगायतका भूकम्पप्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरूले लिएको कर्जा पुनरतालिकीकरण/पुनरसंरचना गर्न चाहेमा बैंक तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यको आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

८१. ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह गरेको कर्जाको ब्याज पुँजीकरण गर्नेसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

८२. बैंक तथा वित्तीय संस्थाहरूबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा रु.१५ करोडबाट बढाई रु.२५ करोड बनाइनेछ ।

८३. चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिनेछ ।

८४. बैंकिङ क्षेत्रलाई थप प्रतिस्पर्धी, अनुशासित र जिम्मेवार बनाउन कर्जा, ब्याजदर र समष्टिगत नियमनमा सुधार गर्दै जोखिममा आधारित सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८५. वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तरमा सुधार गर्न सम्पति गुणस्तरको मूल्याङ्कन (Asset Quality Review) गरिनेछ ।

८६. बैंक तथा वित्तीय संस्थाहरूको तरलता जोखिम न्यूनीकरण गरी स्थायित्व कायम गर्न अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार Liquidity Coverage Ratio (LCR) र Net Stable Funding Ratio (NSFR) जस्ता व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भएपश्चात् कर्जा निक्षेप अनुपातसम्बन्धी नियामकीय व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

८७. प्रणालीगत रूपमा महत्वपूर्ण रहेका बैंक (Domestic Systemically Important Bank, DSIB) पहिचान गरी त्यस्ता बैंकहरूमा नियमन र सुपरिवेक्षणका थप व्यवस्था लागु गर्न Domestic Systemically Important Bank Framework जारी गरी कार्यान्वयन गरिनेछ ।

८८. वाणिज्य बैंकहरूको तरलता जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्याङ्कन प्रक्रिया (Internal Liquidity Adequacy Assessment Process - ILAAP) सम्बन्धी मार्गदर्शन जारी गरिनेछ ।

८९. नेपाल सरकारबाट स्वीकृतिप्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म/कम्पनीलाई प्रवाहित कर्जाका लागि पुनरसंरचना र पुनरतालिकीकरण गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।

९०. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रकृयागत व्यवस्थामा Fit and Proper Test, कर्जाको ब्याजदर गणना, सेवा शुल्क लगायतका विषयहरूलाई समेटी उक्त नियमाकीय व्यवस्थामा आवश्यक संशोधन गरिनेछ ।

९१. नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले वित्तीय

स्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सकिने व्यवस्था मिलाइनेछ ।

९२. यस बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गका विकास बैंक र "ग" वर्गका वित्त कम्पनीहरूमा विगत लामो समयदेखि वासेल २ र ३ अनुसारका न्यूनतम पुँजी पर्याप्तता अनुपातलगायत विभिन्न नियामकीय मापदण्डहरू कार्यान्वयनमा रहेको सन्दर्भमा "ग" वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाइनेछ ।

९३. बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था गरिनेछ ।

९४. बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धिमा सहजीकरण गर्ने उद्देश्यले यस बैंकको स्वीकृतिमा आवश्यकतानुसार पुँजी बढाउन सक्ने व्यवस्था गरिनेछ ।

९५. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

९६. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने विषयमा आवश्यक सहजीकरण गरिनेछ ।

९७. बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा सघाऊ पुऱ्याउने उद्देश्यले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको लागि आवश्यक ऐन र नियमको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिनेछ ।

९८. समस्याग्रस्त हुने अवस्थामा पुगेका बैंक तथा वित्तीय संस्थाहरूको समस्याको पहिचान गरी सुधारात्मक कारवाही गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली परिमार्जन गरिनेछ ।

९९. बैंक तथा वित्तीय संस्थाहरूको आधार दर गणना विधिमा सुधार गरी बढी यथार्थपरक बनाइनेछ ।

१००. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वित्तीय पहुँच विस्तार गर्न 'नियो बैंक' स्थापनका लागि कानुनी र प्रक्रियागत व्यवस्था अघि बढाइनेछ ।

१०१. विद्युतीय भुक्तानी प्रणाली सुदृढ हुँदै गएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूको विद्यमान शाखा विस्तार नीति पुनरावलोकन गरिनेछ ।

१०२. विगतमा फरक आवश्यकता र चुनौतीहरूको सम्बोधन गर्न स्थापित कतिपय संस्थाहरूको कार्यदायरा पुनरावलोकन गर्न आवश्यक देखिएको र राज्यको प्राथमिकताप्राप्त क्षेत्रमा साधन परिचालन अपेक्षित रूपमा हुन नसकेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरा पुनरावलोकन गर्न विस्तृत अध्ययन गरिनेछ ।

१०३. बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकको क्रेडिट स्कोरको आधारमा समेत कर्जा प्रदान गर्ने नीति अवलम्बन गर्दै लगिनेछ ।

## लघुवित्त

१०४. लघुवित्त वित्तीय संस्थाले हालको व्यवस्थाअनुसार वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा वोनस) वितरण गर्नेसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

१०५. वैदेशिक रोजगारीमा जाने युवाहरूलाई धितो लिई वा नलिई प्रवाह भएको रु.३ लाखसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिनेछ । महिलाको हकमा यस्तो कर्जा बढीमा रु. ५ लाख गरिनेछ ।

१०६. लघुवित्त वित्तीय संस्थाको कर्जा लक्षित वर्गसम्म पुग्ने सुनिश्चित गरी कर्जा सदुपयोग अभिवृद्धि गर्न लघुवित्तको लागि लक्षित वर्ग, ऋण प्राप्त गर्ने मापदण्ड र ऋणीको योग्यतासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

१०७. बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने विपन्न वर्ग र अन्य निर्देशित कर्जाहरूको सीमा व्यवस्थाको अध्ययन गरी पुनरावलोकन गरिनेछ ।

## विदेशी विनिमय व्यवस्थापन

१०८. विदेशी लगानी आकर्षण गर्न वाणिज्य बैंकमार्फत विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

१०९. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" लाई संशोधन गरिनेछ ।

११०. नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता, विदेशी लगानी भएका उद्योग/कम्पनी र नेपालमा संस्थापित विदेशी कम्पनीको शाखा/सम्पर्क कार्यालय/स्थायी संस्थापनाले साँवा, ब्याज तथा लाभांशलगायत फिर्ता भुक्तानी (Repatriation) लैजाने व्यवस्थामा सहजीकरण गरिनेछ ।

१११. भन्सार स्वःघोषणा गर्नु पर्ने नगद विदेशी मुद्राको सीमामा पुनरावलोकन गरिनेछ । साथै, नेपाली नागरिक वा संस्थाको नाममा विदेशमा रहेको विदेशी विनिमयको विवरण पेस गर्नु पर्ने व्यवस्थामा सहजीकरण गरिनेछ ।

११२. सुन आयात तथा बिक्री वितरणसम्बन्धी अध्ययन प्रतिवेदनको सिफारिससमेतको आधारमा नेपाल सरकारको समन्वयमा सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन गरिनेछ ।

११३. बैंक तथा वित्तीय संस्थाहरूले गर्ने नन्डेलिभरेबल फरवार्डमा कायम प्राथमिक पुँजीको २० प्रतिशतको सीमालाई वृद्धि गरी २५ प्रतिशत गरिनेछ ।

११४. भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई हाल प्रतिपटक अमेरिकी डलर २,५०० सम्म सटही सुविधा उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्तो सटही सुविधा वृद्धि गरी अमेरिकी डलर ३,००० कायम गरिनेछ ।

११५. विप्रेषण कम्पनीहरूको अर्थतन्त्रमा योगदान बढ्दै गएको सन्दर्भमा त्यस्ता कम्पनीहरूलाई पुँजी तथा कारोबारका आधारमा वर्गीकरण गर्ने व्यवस्थाको सम्बन्धमा अध्ययन गरिनेछ ।

११६. बङ्गलादेश र श्रीलङ्कालगायत विदेशी मद्राको कारोबार बढ्दै गएको मुलुकहरूका मुद्रालाई परिवर्त्य विदेशी मुद्राको सूचीमा थप गर्दै लगिनेछ ।

११७. विप्रेषण कारोबारमा प्रयोग हुने विनिमय दर (फेडान दर) लाई आवश्यकतानुसार पुनरावलोकन गरिनेछ ।

११८. परिवर्त्य विदेशी मुद्रामा हुने अन्तरबैंक कारोबार सम्बन्धमा नीतिगत व्यवस्था गरिनेछ ।

## भुक्तानी प्रणाली

११९. सबल र सुरक्षित भुक्तानी प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट हुने कारोबार र वित्तीय पहुँच अभिवृद्धि गरिनेछ ।

१२०. वर्तमान परिवेशमा भुक्तानी प्रणालीलाई सबल बनाउन National Payments System Development Strategy को समीक्षा गरी नयाँ रणनीति तर्जुमा गरिनेछ ।

१२१. लघु, साना तथा मझौला व्यवसायीलाई विद्युतीय माध्यमबाट कारोबारमा आधारित भई प्रवाह गरिने कर्जामा सहजीकरण गर्न Digital Lending Guidelines मा परिमार्जन गरिनेछ ।

१२२. भुक्तानी प्रणालीलाई थप सबल, सक्षम र सुरक्षित बनाउन यस क्षेत्रमा हुने नवीन अभ्यास तथा नवप्रवर्तन प्रवर्द्धन गर्न Regulatory Sandbox सञ्चालनमा ल्याइनेछ ।

१२३. भुक्तानीसम्बन्धी कारोबार गर्ने संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण कार्य जोखिममा आधारित बनाइनेछ ।

१२४. प्रणालीगत रूपमा महत्वपूर्ण भुक्तानी प्रणालीको पहिचान गरी प्रभावकारी अनुगमनका लागि Framework for Identifying Systemically Important Payment Systems (SIPS) जारी गरिनेछ ।

## सम्पत्ति शुद्धीकरण निवारण

१२५. फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को सघन निगरानी सूची (Grey List) बाट मुक्त हुन नेपाललाई प्राप्त कार्ययोजना बमोजिमका कार्य सम्पन्न गर्न सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय गरिनेछ। यस बैंकसँग सम्बन्धित राष्ट्रिय रणनीति तथा कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि निगरानी, अनुसन्धान र कारबाहीलाई थप सबल बनाइनेछ ।

१२६. एसिया प्यासिफिक समूह (APG) ले प्रकाशन गरेको नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित नियमनकारी निकायहरूसँग सम्बन्धित प्राथमिकताका कार्यहरू (Priority Actions) र सुधारका सुझावहरू (Recommended Actions) प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१२७. वित्तीय जानकारी इकाईबाट सम्बन्धित निकायमा सम्प्रेषण गर्ने फाइनान्सियल इन्टेलिजेन्स (Financial Intelligence) लाई स्वचालित बनाई अनुसन्धान कार्यको प्रभावकारिता अभिवृद्धिमा सहजीकरण गरिनेछ ।

## वित्तीय समावेशिता र ग्राहक हित संरक्षण

१२८. बैंक तथा वित्तीय संस्था एवम् अन्य वित्तीय सेवा प्रदायकको ग्राहक पहिचान (KYC) विवरण राष्ट्रिय परिचयपत्रमार्फत प्राप्त गर्न सहजीकरण गरिनेछ । ग्राहकले कुनै एक बैंकमा विवरण अद्यावधिक गरेपश्चात् आवश्यक पर्ने निकायले विद्युतीय माध्यमबाट प्राप्त गर्नसक्ने पूर्वाधारको विकासका लागि समेत सहजीकरण गरिनेछ ।

१२९. ग्रामीण क्षेत्रमा ऋणीहरूसँग निरन्तर सम्वादमा रहने उद्देश्यले "ऋणीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालन गरिनेछ ।

१३०. बैंक तथा वित्तीय संस्थाले विद्यमान कानुनी प्रकृयाअन्तर्गत रही आफ्नो कर्जा नियमित गर्दा तथा असुलीलगायतका कार्य गर्दा देखिएका अवाञ्छित गतिविधिबाट सिर्जित जोखिम निरूपणका लागि नेपाल सरकारका सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

१३१. बैंक तथा वित्तीय संस्थामा निष्कृय खाताहरूको सङ्ख्या उल्लेख्य बढी रहेको सन्दर्भमा उच्च सङ्ख्यामा खाता निष्कृय रहने र अन्य व्यक्तिले समेत खाता सञ्चालन गर्ने (Money Mule) प्रवृत्तिले सिर्जना गरेको जोखिमसमेतलाई दृष्टिगत गरी निष्कृय खातालाई न्यून गर्न कार्ययोजना बनाई लागु गरिनेछ ।

१३२. वित्तीय ग्राहक संरक्षण गर्न "वित्तीय ग्राहक संरक्षण मार्गदर्शन" एवम् वित्तीय बजार आचरणसम्बन्धी निर्देशन जारी गरिनेछ ।

## अन्त्यमा,

१३३. यस मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशीकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

१३४. आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको तर्जुमामा सहयोग पुर्‍याउने नेपाल सरकारका निकायहरू, उद्योग व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरू, बैंक तथा वित्तीय संस्थाहरू, मौद्रिक नीति सल्लाहकार समिति, बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल, विद्वत् वर्ग, सञ्चार माध्यमलगायत सबै सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, यस मौद्रिक नीतिमा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा सदाझैँ सबैको सहयोग रहने विश्वास लिएको छु ।

* * *

# अनुसूची १
# मौद्रिक प्रक्षेपण

*(रु. करोडमा)*

| मौद्रिक योगाङ्क | २०८० | २०८१ | २०८२ | २०८३ | वार्षिक परिवर्तन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | असार | असार | असार[अ] | असार[प्र] | २०८०/८१ | | | २०८१/८२ | | | २०८२/८३ | |
| | | | | | रकम | | प्रतिशत | रकम | | प्रतिशत | रकम | प्रतिशत |
| **१. खुद वैदेशिक सम्पत्ति** | **१४५७५५.७** | **१९८९२७.९** | **२६२८४५.३** | **२८५३४५.३** | **५०२४९.१** | /१ | **३४.५** | **५६६००.०** | /२ | **२८.५** | **२२५००.०** | **८.६** |
| १.१ वैदेशिक सम्पत्ति | १६३३७२.९ | २१५०२४.४ | २७८३७९.७ | ३०१७९९.८ | ५१६५१.५ | | ३१.६ | ६३३५५.३ | | २९.५ | २३४२०.१ | ८.४ |
| १.२ वैदेशिक दायित्व | १७६१७.२ | १६०९६.६ | १५५३४.५ | १६४५४.६ | -१५२०.६ | | -८.६ | -५६२.१ | | -३.५ | ९२०.१ | ५.९ |
| **२. खुद आन्तरिक सम्पत्ति** | **४७२१४९.८** | **४९८४७८.५** | **५१४८७१.९** | **५९३६८८.२** | **२९२५१.७** | /१ | **६.२** | **२३७१०.८** | /२ | **४.८** | **७८८१६.३** | **१५.३** |
| २.१ कुल आन्तरिक कर्जा | ६१८२६५.७ | ६५५८०३.८ | ६९८७२६.४ | ७८२२२८.९ | ३७५३८.२ | | ६.१ | ४२९२२.६ | | ६.५ | ८३५०२.४ | १२.० |
| क. सरकारलाई गएको खुद कर्जा | १०१९०६.५ | १०५७४४.७ | १०४७१५.१ | ११९०००.९ | ३८३८.२ | | ३.८ | -१०२९.६ | | -१.० | १४२८५.८ | १३.६ |
| ख. गैर-वित्तीय सरकारी संस्थाहरूलाई गएको कर्जा | ३६४.८ | ५९२.१ | ५५९.३ | ५२९.२ | २२७.३ | | ६२.३ | -३२.८ | | -५.५ | -३०.० | -५.४ |
| ग. अन्य वित्तीय संस्थाहरूलाई गएको कर्जा | २५६५९.५ | २९२१७.६ | २९६२१.९ | ३१२२०.१ | ३५५८.१ | | १३.९ | ४०४.३ | | १.४ | १५९८.२ | ५.४ |
| घ. निजी क्षेत्रलाई गएको कर्जा | ४९०३३४.९ | ५२०२४९.५ | ५६३८३०.२ | ६३१४७८.६ | २९९१४.६ | | ६.१ | ४३५८०.७ | | ८.४ | ६७६४८.५ | १२.० |
| २.२ खुद अमौद्रिक दायित्व | १४६११५.९ | १५७३२५.३ | १८३८५४.५ | १८८५४०.७ | ८२८६.४ | /१ | ५.७ | १९२११.८ | /२ | १२.२ | ४६८६.२ | २.५ |
| **३. विस्तृत मुद्रा प्रदाय (एम २)** | **६१७९०५.५** | **६९७४०६.४** | **७७७७१७.२** | **८७९०३३.५** | **७९५००.९** | | **१२.९** | **८०३१०.८** | | **११.५** | **१०१३१६.३** | **१३.०** |
| ३.१ मुद्रा प्रदाय (क+ख), एम १+ | २८०३३६.५ | ३३११४८.३ | ४१२७०३.३ | ४९८७८२.३ | ५०८११.८ | | १८.१ | ८१५५४.९ | | २४.६ | ८६०७९.१ | २०.९ |
| क. मुद्रा प्रदाय (एम १) | ९६५१६.२ | ९४८८०.७ | १०६२६८.८ | ११९०४३.९ | -१६३५.५ | | -१.७ | ११३८८.० | | १२.० | १२७७५.१ | १२.० |
| मुद्रा | ५२८६९.६ | ५८१७२.९ | ६६६०८.० | ७५९३३.१ | ५३०३.३ | | १०.० | ८४३५.१ | | १४.५ | ९३२५.१ | १४.० |
| चल्ती निक्षेप | ४३६४६.७ | ३६७०७.८ | ३९६६०.८ | ४३११०.८ | -६९३८.८ | | -१५.९ | २९५३.० | | ८.० | ३४५०.० | ८.७ |
| ख. बचत तथा कल निक्षेप | १८३८२०.३ | २३६२६७.६ | ३०६४३४.५ | ३७९७३८.४ | ५२४४७.३ | | २८.५ | ७०१६६.९ | | २९.७ | ७३३०३.९ | २३.९ |
| ३.२. आवधिक निक्षेप | ३३७५६९.० | ३६६२५८.० | ३६५०१३.९ | ३८०२५१.१ | २८६८९.१ | | ८.५ | -१२४४.१ | | -०.३ | १५२३७.२ | ४.२ |
| **४. विस्तृत मौद्रिक तरलता (एम ३)** | **६२५१७७.९** | **७०४७८१.५** | **७८५७४८.१** | **८८७९४८.४** | **७९६०३.६** | | **१२.७** | **८०९६६.५** | | **११.५** | **१०२२००.४** | **१३.०** |

अ - अनुमानित ।
प्र - प्रक्षेपित ।
१/ विदेशी विनिमय मूल्याङ्कन नाफा रु.२९ अर्ब २३ करोड समायोजन गरिएको
२/ विदेशी विनिमय मूल्याङ्कन नाफा रु.७३ अर्ब १७ करोड समायोजन गरिएको ।

# अनुसूची २
# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन स्थिति

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ६५. | मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गरिने । | अधिक मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिन खुला बजार कारोबार तथा ब्याजदर करिडोरका उपकरणहरू आवश्यकतानुसार कार्यान्वयनमा ल्याइएको । आर्थिक वर्ष २०८१/८२ को पहिलो ११ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको । |
| २. | ६६. | कम्तीमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने । | आर्थिक वर्ष २०८१/८२ को पहिलो ११ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.६ महिनाको वस्तु आयात र १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको । |
| ३. | ६७. | भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा यथावत् राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबार सञ्चालनमार्फत यसलाई नीतिगत दरकै हाराहारीमा कायम गरिने । | तरलता व्यवस्थापनमार्फत बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तरबैंक कारोबार ब्याजदर करिडोरको सीमाभित्र रहेको । |
| ४. | ६८. | आर्थिक वर्ष २०८१/८२ को लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको । | वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतले र निजी क्षेत्रर्फको दावी ८.२ प्रतिशतले वृद्धि भएको । |
| ५. | ६९. | ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशतबाट ५.० प्रतिशत कायम गरिएको । ब्याजदर कोरिडरको तल्लो सीमाको रूपमा रहेको ३.० प्रतिशतको निक्षेप सङ्कलन दरलाई यथावत् राखिएको । | मिति २०८१/०४/१६ मा निर्देशन जारी भएको । |
| ६. | ७०. | बैंकदरमा स्थायी तरलता सुविधा प्रदान हुने व्यवस्थालाई निरन्तरता दिँदै स्थायी तरलता उपलब्ध हुने सर्तहरूलाई लचिलो बनाइने । | स्थायी तरलता उपलब्ध हुने सर्तहरूलाई नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८ लाई संशोधन गरी लचिलो बनाइएको । |
| ७. | ७७. | बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको Capital Adequacy Framework लाई अन्तर्राष्ट्रिय व्यवस्थामा गरिएको पुनरावलोकनको आधारमा परिमार्जन गरिने । | Capital Adequacy Framework परिमार्जनसम्बन्धी कार्य अन्तिम चरणमा रहेको । |

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ८. | ७८. | मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाउन एवम् कर्जाको ब्याजदरमा प्रतिस्पर्धा कायम गर्न विद्यमान आधारदरसम्बन्धी व्यवस्थाका सम्बन्धमा अध्ययन गरिने । | आधारदरसम्बन्धी नीतिगत व्यवस्थाका सम्बन्धमा अध्ययन भइरहेको । |
| ९. | ७९. | निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाको लागि देहायबमोजिमको व्यवस्था गरिनेः<br>क) निर्माण व्यवसायहरूलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने ।<br>(ख) निर्माण व्यवसायहरूलाई कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मको लागि चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने ।<br>(ग) निर्माण व्यवसायको लागि लिइने बैंकिङ सुविधा तथा कर्जाहरूमध्ये वासलात बाहिरको सुविधा उपयोग गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाको सीमा सम्बन्धमा छुट्टै व्यवस्था गर्ने ।<br>(घ) निर्माण व्यवसायीहरूको जमानतहरू दावी भई सृजना भएको कर्जामा आर्थिक वर्ष २०८१/८२ का लागि ऋण सृजना भएको मितिबाट अन्य कर्जासरह कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्ने ।<br>(ङ) जोइन्ट भेन्चर (जेभी) मा संलग्न कुनै पनि जेभी पार्टनर कालोसूचीमा परेको कारण अन्य जेभी पार्टनरको बैंकिङ काम कारवाहीमा असर नपर्ने व्यवस्था मिलाइने ।<br>(च) नेपाल सरकारबाट निर्माण कार्यको म्याद नवीकरण भएमा बैंक तथा वित्तीय संस्थाबाट प्रदान भएको जमानतसमेत नवीकरण हुनसक्ने व्यवस्था मिलाइने । | (क) मिति २०८१/०४/१६ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको ।<br>(ख) मिति २०८१/०४/१६ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको ।<br>(ग) मिति २०८१/०४/१८ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको ।<br>(घ) मिति २०८१/०४/१८ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको ।<br>(ङ) मिति २०८१/०८/१३ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको ।<br>(च) मिति २०८१/०४/१८ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको । |
| १०. | ८०. | परिस्थितिजन्य कारणले उद्योग व्यवसाय बन्द रहे तापनि कर्जाको साँवाब्याज भुक्तानी नियमित गर्ने उद्योग व्यवसायलाई कर्जा वर्गीकरण र जोखिम व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिने । | मिति २०८१/०४/१८ को परिपत्रबाट निर्देशन जारी भई कार्यान्वयनमा आएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ११. | ८१. | बैंक तथा वित्तीय संस्थाहरूको पुँजीकोषमा परेको दवाबलाई दृष्टिगत गर्दै तथा मौद्रिक नीति र समष्टिगत नियामकीय व्यवस्थाहरूबीच थप सामञ्जस्यता ल्याउने अभिप्रायले आर्थिक वर्ष २०८१/८२ को लागि देहायबमोजिमको व्यवस्था गरिने:<br>(क) पुँजीकोषका उपकरणहरू तथा नयाँ उपकरण प्रयोगलाई प्रोत्साहन गर्ने ।<br>(ख) असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गर्ने ।<br>(ग) कर्जा खरिदबिक्रीको लागि गरिने जोखिम भारसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने ।<br>(घ) विद्यमान Regulatory Retail Portfolio (RRP) को सीमालाई रु. २ करोडबाट बढाएर अधिकतम रु.२ करोड ५० लाख कायम गर्ने ।<br>(ङ) बैक तथा वित्तीय संस्थाले Tier 2 Capital गणना गर्दा Capital Adequacy Framework 2015 का व्यवस्थाको अधीनमा रही कुल पुँजीकोष प्राथमिक पुँजीकोषको दोब्बरभन्दा बढी नहुने गरी Regulatory Reserve मा रहेका उपयुक्त रिजर्भ रकमहरूलाई Tier 2 Capital को रूपमा गणना गर्न सकिने व्यवस्था गर्ने ।<br>(च) उपरोक्त (क) देखि (ङ) सम्मका व्यवस्थाहरूबाट वित्तीय प्रणालीमा पर्ने असरलाई नियमित अनुगमन गर्ने । | (क) पुँजीकोषका उपकरणहरू तथा नयाँ उपकरण प्रयोगका सम्बन्धमा अध्ययन भइरहेको ।<br>(ख) मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको ।<br>(ग) मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको ।<br>(घ) मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको ।<br>(ङ) मिति २०८१/०५/११ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको ।<br>(च) वित्तीय प्रणालीमा पर्ने असरको मासिक रूपमा अनुगमन भइरहेको । |
| १२. | ८२. | निष्क्रिय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भइसकेको अवस्थामा ६ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था मिलाइने । | मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १३. | ८३. | चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्ने लगायतका व्यवस्था परिमार्जन गर्ने गरी विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गरिने । | अध्ययन प्रतिवेदनउपर सरोकारवालाहरूबाट पृष्ठपोषण प्राप्त भई थप विश्लेषण भइरहको । |
| १४. | ८४. | विगत दुई वर्षमा अर्थतन्त्रमा देखिएको शिथिलताको अवस्थामा न्यून कर्जा प्रवाहको स्थितिलाई दृष्टिगत गरी देहाय बमोजिमको व्यवस्था गरिने:<br>(क) चालु पुँजी कर्जा मार्गदर्शनमा उल्लेखित Variance Analysis गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेबाट लागु हुने गरी समयावधि थप गरिने ।<br>(ख) लघु, घरेलु, साना एवम् मझौला उद्यमको लागि तोकिएको रु.१ करोडको सीमालाई पुनरावलोकन गरिने । | (क) मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको ।<br>(ख) मिति २०८१/०५/११ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |
| १५. | ८५. | रु.२ करोडसम्मको लघु, घरेलु, साना तथा मझौला उद्यम, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा २ प्रतिशत विन्दुभन्दा बढी प्रिमियम थपेर ब्याजदर निर्धारण गर्न नपाउने व्यवस्थामा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्रहरू थप गर्ने गरी पुनरावलोकन गरिने । | मिति २०८१/०४/१८ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |
| १६. | ८६. | प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणवश कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा लगानी गर्ने प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने । | मिति २०८१/०४/१६ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |
| १७. | ८७. | नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित बैंक तथा वित्तीय संस्थामा पेस हुने वित्तीय विवरण र कर सूचना प्रणालीमा पेस भएका विवरणहरूबीच आवद्धता कायम गर्ने प्रणाली विकासका लागि समन्वय गरिने । | बैंक तथा वित्तीय संस्थामा पेस हुने वित्तीय विवरण र कर सूचना प्रणालीमा पेस भएका विवरणहरूबीच अन्तरआबद्धताका लागि नेपाल सरकारबाट अन्तरआबद्धतासम्बन्धी प्रणालीको विकास हुनुपर्ने र नेपाल सरकारबाट सो सम्बन्धमा व्यवस्था भई आएपश्चात् समन्वय गरिने । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १८. | ८८. | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको लागि गरिएका व्यवस्थाहरूलाई थप प्रभावकारी बनाउन अधिक जोखिम रहेका विभिन्न क्षेत्रका सूचक संस्थाहरूलाई goAML प्रणालीमा आबद्ध गरिने । | सम्बन्धित नियमनकारी/सुपरिवेक्षकीय निकायसँगको निरन्तर समन्वयमा अधिक जोखिम क्षेत्र रहेका विभिन्न सूचक संस्थाहरूलाई निरन्तर goAML प्रणालीमा आबद्ध गर्दै आइएको ।<br>२०८१ चैत मसान्तसम्ममा ३,०२६ वटा सूचक संस्थाहरू goAML प्रणालीमा आबद्ध भएकोमा २०८२ जेठ मसान्तसम्ममा अधिक जोखिम रहेका क्षेत्रसहित विभिन्न क्षेत्रगत सूचक संस्थाहरूलाई goAML प्रणालीमा आबद्ध गरिसकिएको ।<br>जोखिममा आधारित भएर निरन्तर रूपले सूचक संस्थाहरूलाई goAML प्रणालीमा आबद्ध गर्ने कार्य भइरहेको । |
| १९. | ८९. | बैंक तथा वित्तीय संस्थाको निष्क्रिय सम्पत्ति तथा गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी (Asset Management Company) स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिने । | ऐनको मस्यौदा तयार भएको । |
| २०. | ९०. | ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत संस्थाहरूबाट जारी गरिएका ऊर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइने । | मिति २०८१/०४/१८ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |
| २१. | ९१. | यस बैंकबाट इजाजतपत्र/अनुमतिपत्रप्राप्त संस्थामा बढ्दै गइरहेको डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता (Artificial Intelligence) सम्बन्धमा आवश्यक अध्ययन गरी यसबाट सृजना हुनसक्ने जोखिमहरू पहिचान गरी सोलाई न्यूनीकरण गर्दै कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिने । | कृत्रिम बौद्धिकता प्रयोगसम्बन्धी मार्गदर्शनको सम्बन्धमा कार्यदल गठन भई कृत्रिम बौद्धिकतासम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको । |
| २२. | ९२. | बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने । | बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको लागि निर्देशन तथा मापदण्ड तर्जुमा गरी २०८१/१२/२१ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा पठाइएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| २३. | ९३. | बैंक तथा वित्तीय संस्थाहरूको २०८१ असार मसान्तसम्मको अवधिमा पाकेको ब्याज २०८१ साउन मसान्तसम्ममा प्राप्त भएमा विद्यमान लेखामानको अधीनमा रही त्यस्तो रकमलाई आर्थिक वर्ष २०८०/८१ मा आम्दानी बाँध्न पाउने व्यवस्था गरिने । | मिति २०८१/०४/१४ मा सूचना जारी भई कार्यान्वयनमा आएको । |
| २४. | ९४. | व्यावसायिक शिक्षा तथा अन्य आन्तरिक रूपमा अध्ययन गर्ने चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधि, एकाउन्टिङजस्ता व्यावहारिक शिक्षा आर्जनको लागि ऋण उपलब्ध गराउन नेपाल सरकारले लिएको नीति तथा कार्यक्रमको आधारमा आवश्यक सहजीकरण गरिने । | एकीकृत निर्देशन २०८१ को इ.प्रा. १७ को ३ (छ) मा “माध्यमिक तथा उच्च माध्यमिक तहसरहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट बिना धितोमा प्रवाह हुने रु.२ लाखसम्मको कर्जा” भन्ने व्यवस्थालाई विपन्न वर्ग कर्जामा गणना गर्ने गरी बैंक तथा वित्तीय संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कर्जा प्रवाह गर्नसक्ने व्यवस्था रहेको ।<br>सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधिको बुँदा ३ को (झ) मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यताप्राप्त संस्थाबाट लिइने तालिमका लागि रु. २ लाखसम्म कर्जा प्रवाह गर्ने व्यवस्था रहेको । |
| २५. | ९५. | मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजीबजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरूका लागि बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु.२० करोडको सीमा खारेज गरिने । | मिति २०८१/०४/१८ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको । |
| २६. | ९६. | नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित कृषिउपजको धितोमा समेत सहज रूपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइने । | चालु पुँजी कर्जा कार्यविधिको अधिनमा रही कृषि क्षेत्रसँग सम्बन्धित व्यावसायिक फर्म, कम्पनीको हकमा व्यवसायसँग सम्बन्धित कृषि उपजलाई स्टकको रूपमा गणना गरी कर्जा प्रवाह गर्न सक्ने व्यवस्था कार्यान्वयन भइरहेको । |
| २७. | ९७. | नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएको बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिने । | इ.प्रा.निर्देशन नं. २/०८१ को बुँदा नं ३९ को (२) (क) बाट उक्त व्यवस्था कार्यान्वयन हुँदै गएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| २८. | ९८. | नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने । | निर्देशन नं. १७/०८० को ३(ग) मा वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति रु. १ लाख ५० हजारसम्मको कर्जालाई विपन्न वर्गमा प्रवाह भएको कर्जामा गणना गर्न सकिने व्यवस्था रहेको । |
| २९. | ९९. | नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएको बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघर परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु.५ लाखसम्मका वचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनको लागि नेपाल सरकारलाई सहजीकरण गरिने । | सरकारी निकायहरूबाट यससम्बन्धी कार्य भइरहेकोले यस बैंकबाट आवश्यकतानुसार सहजीकरण गरिने । |
| ३०. | १००. | नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउन सहजीकरण गरिने । | इ.प्रा. निर्देशन नं २ को ३९ (२(क)) बाट उक्त व्यवस्था कार्यान्वयन हुँदै गएको । |
| ३१. | १०१. | लघुवित्त वित्तीय संस्थाहरू तथा तीनका शाखाहरूबीचको मर्जर तथा प्राप्तिलाई प्रोत्साहित गरिने । | नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १७/०८१ मा लघुवित्त वित्तीय संस्थाहरूको मर्जर तथा प्राप्तिलाई प्रोत्साहन गर्ने व्यवस्था रहेकाले सोहीबमोजिम कार्यान्वयन भइरहेको ।<br>लघुवित्त वित्तीय संस्थाका शाखाहरू बीचको मर्जरको सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरिएको । |
| ३२. | १०२. | लघुवित्त वित्तीय संस्थाको सेवासम्बन्धमा रहेका गुनासाको सम्बोधन गर्दै ग्राहक हित संरक्षण गर्न अन्तर्राष्ट्रिय असल अभ्याससमेतका आधारमा ग्राहक हित संरक्षणलाई प्राथमिकतामा राखी आवश्यक नियामकीय व्यवस्था गरिने । | मिति २०८१/०४/१३ को परिपत्रबाट लघुवित्त वित्तीय संस्थाको सेवा सम्बन्धमा रहेका गुनासाको सम्बोधन गर्न सेवा शुल्क सम्बन्धमा स्पष्ट निर्देशन जारी भइसकेको । साथै, ग्राहक हित संरक्षणलाई प्राथमिकतामा राखी नियमकीय व्यवस्थामा परिमार्जन गरी एकीकृत निर्देशन जारी भइसकेको र सो सम्बन्धमा नियमित अनुगमन भइरहेको । |
| ३३. | १०३. | लघुवित त वित्तीय संस्थाहरूले कर्जामा लिने ब्याजदरसम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने । | मिति २०८२/०३/२६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ३४. | १०३ | लघुवित वित्तीय संस्थाहरूले कर्जामा लिने सेवा शुल्कसम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने । | मिति २०८१/०४/१३ मा परिपत्र जारी भई कार्यान्वयनमा आएको र नियमित अनुगमन भइरहेको । |
| ३५. | १०४. | परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गरिने । | निर्देशन जारी भई नियमित अनुगमन भइरहेको । |
| ३६. | १०५. | कुनै निश्चित प्रदेश वा क्षेत्रमा आफ्नो कार्यक्षेत्र सीमित राखी कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गर्न थप व्यवस्था मिलाइने । | अध्ययन प्रतिवेदन प्राप्त भएको, यस विषयमा थप अध्ययन आवश्यक भएको । |
| ३७. | १०६. | यस बैंकबाट इजाजतपत्रप्राप्त सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूमा NFRS लागु गर्न आवश्यक व्यवस्था गरिने । | मिति २०८१/०९/२३ को परिपत्रबाट NFRS लागु गर्ने सम्बन्धमा निर्देशन जारी भइसकेको र सो सम्बन्धमा नियमित अनुगमन भइरहेको । |
| ३८. | १०७. | राहदानीवापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ३९. | १०८. | ड्राफ्ट/टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४०. | १०९. | Document Against Payment र Document Against Acceptance को माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४१. | ११०. | नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४२. | १११. | विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुने गरी सटही गर्न सकिने विदेशी मुद्राहरूको विद्यमान सूची पुनरावलोकन गरिने । | मिति २०८१/०८/०६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४३. | ११२. | सेवा आयातवापत बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने विद्यमान सटही सीमालाई वार्षिक र क्षेत्रगत रूपमा तोकी यससम्बन्धी व्यवस्थालाई सहजीकरण गरिने । | मिति २०८१/०६/३० को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ४४. | ११३. | नेपाल सरकारका निकायलाई सार्वजनिक खरिद कानुनबमोजिम गरिएको खरिदको भुक्तानीको लागि आवश्यक पर्ने सटही सुविधामा ड्राफ्ट/टी.टी.को सीमा लागु नहुने एवम् एकभन्दा बढी भुक्तानीको माध्यम प्रयोग गर्न सक्ने गरी सहजीकरण गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४५. | ११४. | सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन गरिने । | कार्यदलले तयार गरेको अध्ययन प्रतिवेदन तयार भएको । |
| ४६. | ११४. | चाँदी आयातको विद्यमान व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने । | मिति २०८१/०४/१६ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४७. | ११५. | भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूबाट गरिने कारोबारलाई थप पारदर्शी बनाई उक्त संस्थाहरूको संस्थागत सुशासन अभिवृद्धि गर्नका लागि भुक्तानी सेवा प्रदायक संस्थाहरूले नियुक्त गरेका आधिकारिक प्रतिनिधिको कारोबारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने । | मिति २०८१/०८/२८ गते संशोधित निर्देशन जारी भएको । |
| ४८. | ११६. | केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी अध्ययनका आधारमा Wholesale CBDC को प्रारूप (Design Characteristics) तयार गर्ने कार्य अगाडि बढाइने । | अध्ययन प्रतिवेदन तयार भई छलफलको क्रममा रहेको । |
| ४९. | ११७. | राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना तयार पारिने । | राष्ट्रिय भुक्तानी स्वीचको संरचना तयार भई नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) मार्फत कार्यान्वयनको चरणमा रहेको । |
| ५०. | ११८. | भुक्तानी, समाशोधन र फर्स्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरू पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था गरिने । | एकीकृत निर्देशन, २०८१ बाट भुक्तानी प्रणाली सञ्चालकहरूलाई २०८५ असार मसान्तसम्ममा अनिवार्य रूपमा पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसक्नुपर्ने व्यवस्था गरिएको । |
| ५१. | ११९. | वित्तीय साक्षरतालाई अभियानकै रूपमा अगाडि बढाउँदै ग्राहकहित संरक्षण, बैंक तथा वित्तीय संस्थाप्रति सेवाग्राहीको दायित्व र सेवाग्राहीप्रति बैंक तथा वित्तीय संस्थाको दायित्व, कर्जा व्यवस्थापन, ब्याजदर, वित्तीय सेवाको तुलनात्मक विश्लेषण, डिजिटल बैंकिङ, वित्तीय ज्ञान एवम् मनोवृत्तिमार्फत वित्तीय व्यवहारमा परिवर्तन लगायतका विषयहरू समेटी बैंक तथा वित्तीय संस्थामार्फत वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने । | वित्तीय साक्षरता कार्यक्रम नियमित रूपमा सञ्चालन भइरहेको ।<br>इजाजतपत्रप्राप्त संस्थाले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रमको Reporting हुने हुँदा उक्त कार्यलाई प्रभावकारी बनाइएको । |

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ५२. | १२०. | आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८०/८१ लाई आधार वर्ष मानेर उपभोक्ता मूल्य सूचकाङ्क र तलब तथा ज्यालादर सूचकाङ्क प्रकाशन गर्न सुरु गरिने । | आर्थिक वर्ष २०८०/८१ लाई आधार वर्ष मानेर उपभोक्ता मूल्य सूचकाङ्क र तलब तथा ज्यालादर सूचकाङ्क प्रकाशन गरिएको । |

## आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षाबाट थप गरिएको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन अवस्था

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ३९ | लघुवित्त वित्तीय संस्थाहरूको कर्जाको ब्याजदर २०८२ जेठदेखि आधार दरसँग आवद्ध गरी तय गर्नुपर्ने व्यवस्था गरिने । | परिपत्र जारी हुने क्रममा रहेको । |
| २. | ४० | व्यक्तिगत सवारी साधन र सबै प्रकारका विद्युतीय सवारी साधनको ऋण मूल्य अनुपात (Loan to Value Ratio) को सीमालाई ६० प्रतिशत कायम गरिने । | मिति २०८१/११/१९ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ३. | ४१ | असल कर्जाको विद्यमान १.१० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई १.० प्रतिशत कायम गरिने । | मिति २०८१/११/१९ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४. | ४२ | नन्डेलिभरेबल फरवार्डको हकमा प्राथमिक पुँजीको विद्यमान १५ प्रतिशतको सीमालाई वृद्धि गरी २० प्रतिशत कायम गरिने । | विदेशी विनिमय व्यवस्थापन विभागको मिति २०८१/११/१९ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |

## आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाबाट थप गरिएको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन अवस्था

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ४१ | बैंक तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिने । | मिति २०८२/०२/१४ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| २. | ४२ | विद्यमान सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाई १०० प्रतिशत कायम गरिने । | मिति २०८२/०२/१४ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ३. | ४३ | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थाहरूलाई समावेश गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" परिमार्जन गरी जारी गरिने । | मिति २०८२/०३/०४ को परिपत्रमार्फत कार्यान्वयनमा आएको । |
| ४. | ४४ | बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गरिने । | चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधिको मस्यौदा तयार भएको । |

# तालिका सूची


तालिका १ कुल गार्हस्थ्य उत्पादन (२०६७/६८ को मूल्यमा)

तालिका २ कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)

तालिका ३ राष्ट्रिय आय, लगानी तथा बचत (प्रचलित मूल्यमा)

तालिका ४ राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०८०/८१ = १००)

तालिका ५ मौद्रिक सर्वेक्षण

तालिका ६ मौद्रिक सर्वेक्षण (वार्षिक विन्दुगत)

तालिका ७ ब्याजदर संरचना

तालिका ८ मौद्रिक व्यवस्थापन

तालिका ९ निक्षेप सङ्कलन बोलकबोल

तालिका १० स्थायी निक्षेप सुविधा, ओभरनाइट रिपो तथा स्थायी तरलता सुविधा

तालिका ११ ओभरनाइट तरलता सुविधा

तालिका १२ सरकारी वित्त स्थिति (बैंकिङ कारोबारमा आधारित)

तालिका १३ नेपाल सरकारको कुल आन्तरिक ऋण

तालिका १४ नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन

तालिका १५ वैदेशिक व्यापार

तालिका १६ शोधनान्तर खाताका मुख्य परिसूचकहरू

तालिका १७ बैंकिङ क्षेत्रसँग रहेको कुल विदेशी विनिमय सञ्चिति

तालिका १८ विदेशी मुद्रा खरिद/बिक्री

## तालिका १
## कुल गार्हस्थ्य उत्पादन
### (२०६७/६८ को मूल्यमा)

| शीर्षक | रु. करोडमा | | | | | | प्रतिशत परिवर्तन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१[सं] | २०८१/८२[प्रा] | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१[सं] | २०८१/८२[प्रा] |
| **कृषि** | **६२,९२२.९** | **६४,७१५.४** | **६६,२३७.२** | **६८,२४०.३** | **७०,५२७.५** | **७२,८४४.२** | **२.८** | **२.४** | **३.०** | **३.४** | **३.३** |
| कृषि, वन तथा मत्स्य | ६२,९२२.९ | ६४,७१५.४ | ६६,२३७.२ | ६८,२४०.३ | ७०,५२७.५ | ७२,८४४.२ | २.८ | २.४ | ३.० | ३.४ | ३.३ |
| **गैर कृषि** | **१४२,८९२.०** | **१५०,३३४.४** | **१६०,१६०.७** | **१६३,३३१.५** | **१६८,८२०.२** | **१७६,०४३.३** | **५.२** | **६.५** | **२.०** | **३.४** | **४.३** |
| **उद्योग** | **३१,८१२.९** | **३४,०२२.७** | **३७,६६४.७** | **३८,१५०.५** | **३८,१९३.५** | **३९,९२२.८** | **६.९** | **१०.७** | **१.३** | **०.१** | **४.५** |
| खानी तथा उत्खनन | १,४७९.७ | १,५४८.५ | १,६८५.४ | १,७००.७ | १,७५५.७ | १,७९०.७ | ४.७ | ८.८ | ०.९ | ३.२ | २.० |
| औद्योगिक उत्पादन | ११,३१७.१ | १२,२९६.८ | १३,१२०.९ | १२,८९७.९ | १२,६३७.४ | १३,११४.८ | ८.७ | ६.७ | -१.७ | -२.० | ३.८ |
| विद्युत, ग्यास, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा | २,८२२.४ | २,९४०.३ | ४,४८९.१ | ५,३७६.३ | ५,९६५.५ | ६,७९०.१ | ४.२ | ५२.७ | १९.८ | ११.० | १३.८ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | १,५८४.३ | १,६०५.६ | १,६५५.० | १,७०८.३ | १,७३०.० | १,७६६.३ | १.३ | ३.१ | ३.२ | १.३ | २.१ |
| निर्माण | १४,६०९.५ | १५,६३१.५ | १६,७१४.४ | १६,४६७.३ | १६,१०४.८ | १६,४६१.० | ७.० | ६.९ | -१.५ | -२.२ | २.२ |
| **सेवा** | **१११,०७९.१** | **११६,३११.७** | **१२२,४९६.०** | **१२५,१८१.१** | **१३०,६२६.७** | **१३६,१२०.५** | **४.७** | **५.३** | **२.२** | **४.४** | **४.२** |
| थोक तथा खुद्रा व्यापार; गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३१,२०८.० | ३३,२७९.८ | ३५,७४८.३ | ३४,२८१.४ | ३४,१५६.७ | ३५,२८२.३ | ६.६ | ७.४ | -४.१ | -०.४ | ३.३ |
| यातायात तथा भण्डारण | ११,२७८.३ | ११,७७८.५ | १२,३२०.७ | १२,४९८.८ | १४,१७७.० | १५,५१६.९ | ४.४ | ४.६ | १.४ | १३.४ | ९.५ |
| आवास तथा भोजन सेवा | २,४२४.५ | २,६८४.७ | ३,०२२.० | ३,५६६.८ | ४,३१६.८ | ४,५३२.८ | १०.७ | १२.६ | १८.० | २१.० | ५.० |
| सूचना तथा सञ्चार | ७,९६६.२ | ८,२५८.९ | ८,६०४.६ | ८,९६२.० | ९,४०१.८ | ९,८५३.५ | ३.७ | ४.२ | ४.२ | ४.९ | ४.८ |
| वित्तीय मध्यस्थता | ११,२२७.४ | ११,७५०.४ | १२,५६२.९ | १३,५५८.० | १४,६३४.५ | १५,५५४.५ | ४.७ | ६.९ | ७.९ | ७.९ | ६.३ |
| घरजग्गा कारोबारको सेवा | १७,१७६.६ | १७,६५१.६ | १७,९५४.६ | १८,४७६.४ | १८,९२६.१ | १९,४४१.६ | २.८ | १.७ | २.९ | २.४ | २.७ |
| पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | १,९४७.६ | १,९७६.९ | २,०४६.१ | २,१२६.४ | २,२१४.७ | २,३०२.९ | १.५ | ३.५ | ३.९ | ४.१ | ४.० |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १,५३०.० | १,५६५.१ | १,५८९.८ | १,६६९.८ | १,७३७.२ | १,८०६.२ | २.३ | १.६ | ५.० | ४.० | ४.० |
| सार्वजनिक प्रशासन तथा रक्षा | १०,१७६.९ | १०,५२१.२ | १०,९५०.८ | ११,५४८.५ | १२,०४१.४ | १२,३१०.९ | ३.४ | ४.१ | ५.५ | ४.३ | २.२ |
| शिक्षा | १२,३९०.४ | १२,८७६.० | १३,४७६.० | १४,००५.५ | १४,३०६.७ | १४,५९०.३ | ३.९ | ४.७ | ३.९ | २.२ | २.० |
| स्वास्थ्य तथा सामाजिक कार्य | २,७५०.२ | २,९३१.६ | ३,१३६.६ | ३,३४२.७ | ३,५२०.३ | ३,६८८.३ | ६.६ | ७.० | ६.६ | ५.३ | ४.८ |
| अन्य सेवाका क्रियाकलापहरू | १,००३.१ | १,०३७.० | १,०८३.५ | १,१४४.६ | १,१९३.५ | १,२४०.३ | ३.४ | ४.५ | ५.६ | ४.३ | ३.९ |
| **कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा)** | **२०५,८१४.९** | **२१५,०४९.७** | **२२६,३९७.९** | **२३१,५७१.८** | **२३९,३४७.७** | **२४८,८८७.६** | **४.५** | **५.३** | **२.३** | **३.४** | **४.०** |
| उत्पादित वस्तुमा खुद कर | २२,६१५.० | २४,४३२.० | २६,५६९.८ | २६,४११.१ | २८,०९१.३ | ३०,८६९.५ | ८.० | ८.७ | -०.६ | ६.४ | ९.९ |
| **कुल गार्हस्थ्य उत्पादन** | **२२८,४२९.९** | **२३९,४८१.८** | **२५२,९६७.७** | **२५७,९८२.९** | **२६७,४३९.०** | **२७९,७५७.१** | **४.८** | **५.६** | **२.०** | **३.७** | **४.६** |

सं - संशोधित अनुमान।
प्रा - प्रारम्भिक अनुमान।
*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

# तालिका २
## कुल गार्हस्थ्य उत्पादन
### (प्रचलित मूल्यमा)

| शीर्षक | रु. करोडमा | | | | | | प्रतिशत परिवर्तन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१सं | २०८१/८२प्रा | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१सं | २०८१/८२प्रा |
| **कृषि** | **८६,२५१.८** | **९५,८४९.५** | **१०४,०८१.६** | **११४,३१०.१** | **१२४,८६९.४** | **१३५,३७२.९** | **११.१** | **८.६** | **९.८** | **९.२** | **८.४** |
| कृषि, वन तथा मत्स्य | ८६,२५१.८ | ९५,८४९.५ | १०४,०८१.६ | ११४,३१०.१ | १२४,८६९.४ | १३५,३७२.९ | ११.१ | ८.६ | ९.८ | ९.२ | ८.४ |
| **गैर कृषि** | **२५६,६००.६** | **२७५,६४३.९** | **३२१,५१६.९** | **३६१,४२८.९** | **३८०,४७१.१** | **४०२,५८६.१** | **७.४** | **१६.६** | **१२.४** | **५.३** | **५.८** |
| **उद्योग** | **४६,८४८.५** | **५१,३२५.५** | **६०,६२०.६** | **६४,२५२.१** | **६५,२२३.६** | **६९,०२४.३** | **९.६** | **१८.१** | **६.०** | **१.५** | **५.८** |
| खानी तथा उत्खनन | २,०४४.३ | २,०४४.८ | २,३२५.४ | २,४००.९ | २,४०२.० | २,४७७.६ | ०.० | १३.७ | ३.२ | ०.० | ३.१ |
| औद्योगिक उत्पादन | १७,४०१.४ | २०,७४४.४ | २४,०४७.१ | २४,३६७.९ | २४,९२५.२ | २६,७८०.३ | १९.२ | १५.९ | १.३ | २.३ | ७.४ |
| विद्युत, ग्यास, वाष्प तथा वातानुकुलित आपूर्ति सेवा | ४,०३७.५ | ४,२०४.७ | ६,४२८.१ | ७,६९०.८ | ८,४१८.७ | ९,३२३.७ | ४.१ | ५२.९ | १९.६ | ९.५ | १०.८ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुन: उत्पादनका क्रियाकलापहरू | २,०१२.४ | २,०७२.८ | २,१०९.२ | २,१७३.५ | २,२०५.२ | २,२७८.८ | ३.० | १.८ | ३.० | १.५ | ३.३ |
| निर्माण | २१,३५३.० | २२,२५८.८ | २५,७१०.८ | २७,६१९.० | २७,२७२.५ | २८,१६३.९ | ४.२ | १५.५ | ७.४ | -१.३ | ३.३ |
| **सेवा** | **२०९,७५२.२** | **२२४,३१८.४** | **२६०,८९६.३** | **२९७,१७६.९** | **३१५,२४७.६** | **३३३,५६१.८** | **६.९** | **१६.३** | **१३.९** | **६.१** | **५.८** |
| थोक तथा खुद्रा व्यापार; गाडी तथा मोटरसाइकल मर्मत सेवा | ५१,४९७.७ | ५७,९६८.४ | ६७,०३२.९ | ६६,९०५.५ | ७०,७५२.२ | ७८,२९५.८ | १२.६ | १५.६ | -०.२ | ५.७ | १०.७ |
| यातायात तथा भण्डारण | १८,०३२.३ | १९,६३८.० | २५,७०६.२ | ३१,८७३.९ | ३४,२८७.३ | ३८,७५७.८ | ८.९ | ३०.९ | २४.० | ७.६ | १३.० |
| आवास तथा भोजन सेवा | ५,०४३.३ | ५,८७७.९ | ६,८२३.० | ९,२६८.२ | १२,१४२.३ | १३,२५४.६ | १६.५ | १६.१ | ३५.८ | ३१.० | ९.२ |
| सूचना तथा सञ्चार | ७,६९५.६ | ८,२६९.३ | ८,८००.२ | ९,२७४.१ | ९,७८३.२ | १०,४२५.१ | ७.५ | ६.४ | ५.४ | ५.५ | ६.६ |
| वित्तीय मध्यस्थता | २४,१९४.५ | २५,३२८.४ | २८,९५९.९ | ३३,३७७.८ | ३३,१०३.२ | ३५,७६५.५ | ४.७ | १४.३ | १५.३ | -०.८ | ८.० |
| घरजग्गा कारोबारको सेवा | ३२,२९५.६ | ३३,३६१.२ | ३५,४१८.३ | ४०,२३२.३ | ४२,४३७.६ | ४४,६१०.० | ३.३ | ६.२ | १३.६ | ५.५ | ५.१ |
| पेशागत, बैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ३,५३५.१ | ३,७०९.८ | ४,०७७.२ | ४,५४०.८ | ४,९९८.२ | ५,२०८.४ | ४.९ | ९.९ | ११.४ | १०.१ | ४.२ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | २,७७७.१ | २,९१२.१ | ३,०३९.० | ३,३०६.० | ३,६०३.८ | ३,८७६.८ | ४.९ | ४.४ | ८.८ | ९.० | ७.६ |
| सार्वजनिक प्रशासन तथा रक्षा | २७,६६६.० | २८,७६५.६ | ३७,३३२.८ | ४६,७३५.८ | ४८,१०९.८ | ४६,९१६.४ | ४.० | २९.८ | २५.२ | २.९ | -२.५ |
| शिक्षा | २८,८४५.९ | २९,६६६.४ | ३३,७८३.९ | ३९,५२३.० | ४३,१६३.५ | ४२,३५१.३ | २.८ | १३.९ | १७.० | ९.२ | -१.९ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ६,०३२.८ | ६,५२७.९ | ७,४१६.३ | ९,०९९.३ | ९,४८७.७ | १०,२६३.८ | ८.२ | १३.६ | २२.७ | ४.३ | ८.२ |
| अन्य सेवाका क्रियाकलापहरू | २,१३६.३ | २,२९३.३ | २,५०६.६ | ३,०४०.१ | ३,३७८.७ | ३,८३६.३ | ७.३ | ९.३ | २१.३ | ११.१ | १३.५ |
| **कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा)** | **३४२,८५२.४** | **३७१,४९३.३** | **४२५,५९८.५** | **४७५,७३९.१** | **५०५,३४०.६** | **५३७,९५९.१** | **८.४** | **१४.६** | **११.८** | **६.२** | **६.५** |
| उत्पादित वस्तुमा खुद कर | ४६,०१७.९ | ६३,७६१.७ | ७२,०५७.३ | ६०,९६०.६ | ६५,५६९.१ | ७२,७६३.० | ३८.६ | १३.० | -१५.४ | ७.६ | ११.० |
| **कुल गार्हस्थ्य उत्पादन** | **३८८,८७०.४** | **४३५,२५५.०** | **४९७,६५५.८** | **५३६,६९९.६** | **५७०,९०९.७** | **६१०,७२२.१** | **११.९** | **१४.३** | **७.८** | **६.४** | **७.०** |

सं - संशोधित अनुमान ।
प्रा - प्रारम्भिक अनुमान ।
*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## तालिका ३
## राष्ट्रिय आय, लगानी तथा बचत
(प्रचलित मूल्यमा)

| शीर्षक | रु. करोडमा | | | | | | कुल गार्हस्थ्य उत्पादनसँग अनुपात | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१[सं] | २०८१/८२[प्रा] | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१[सं] | २०८१/८२[प्रा] |
| **कुल उपभोग** | **३६६,६२९.५** | **४०७,५१६.९** | **४६४,८९१.५** | **४९७,९४२.९** | **५३५,३८३.७** | **५७०,७०७.०** | **९३.६** | **९३.४** | **९२.८** | **९३.८** | **९३.४** |
| सरकारी क्षेत्र | ३५,२६१.७ | ३५,९२६.० | ४१,८६५.६ | ३५,५५५.६ | ४२,४७०.५ | ४४,३०४.० | ८.३ | ८.४ | ६.६ | ७.४ | ७.३ |
| निजी क्षेत्र | ३२४,६४२.२ | ३६३,९५२.६ | ४१४,१५१.६ | ४५२,४८७.९ | ४८२,१४३.४ | ५१४,६६५.४ | ८३.६ | ८३.२ | ८४.३ | ८४.५ | ८४.३ |
| गैर–मुनाफाकारी संस्थाहरू | ६,७२५.६ | ७,६३८.३ | ८,८७४.४ | ९,८९९.५ | १०,७६९.८ | ११,७३७.६ | १.८ | १.८ | १.८ | १.९ | १.९ |
| **कुल लगानी** | **११८,३७३.२** | **१५३,०५१.३** | **१८७,३३६.८** | **१६७,१७८.२** | **१७३,५५३.१** | **१७१,३०९.६** | **३५.२** | **३७.६** | **३१.१** | **३०.४** | **२८.१** |
| कुल स्थिर पुँजी लगानी | ११८,४८५.८ | १२७,६८५.७ | १४४,२२१.० | १३१,९७६.४ | १३८,८९५.८ | १४७,०१२.२ | २९.३ | २९.० | २४.६ | २४.३ | २४.१ |
| *सरकारी क्षेत्र* | २०,६८३.० | २७,०६८.४ | २९,५८८.७ | ३९,६०८.९ | ४१,९२६.३ | ४५,५०८.८ | ६.२ | ५.९ | ७.४ | ७.३ | ७.५ |
| *सार्वजनिक संस्थान* | ९,३०२.५ | ६,११६.२ | ६,६८६.८ | ७,९९८.४ | ११,३४१.८ | १२,०२२.३ | १.४ | १.३ | १.५ | २.० | २.० |
| *निजी क्षेत्र* | ८८,५००.३ | ९४,५०१.२ | १०७,९४५.५ | ८४,३६९.१ | ८५,६२७.७ | ८९,४८१.१ | २१.७ | २१.७ | १५.७ | १५.० | १४.७ |
| स्टक परिवर्तन | (११२.५) | २५,३६५.६ | ४३,११५.८ | ३५,२०१.८ | ३४,६५७.३ | २४,२९७.४ | ५.८ | ८.७ | ६.६ | ६.१ | ४.० |
| **कुल आन्तरिक माग** | **४८५,००२.७** | **५६०,५६८.२** | **६५२,२२८.३** | **६६५,१२१.१** | **७०८,९३६.८** | **७४२,०१६.६** | **१२८.८** | **१३१.१** | **१२३.९** | **१२४.२** | **१२१.५** |
| वस्तु तथा सेवा निर्यात | २६,४६३.८ | २२,२८१.५ | ३३,३५४.८ | ३७,६०१.० | ४३,५१४.२ | ५३,३८८.७ | ५.१ | ६.७ | ७.० | ७.६ | ८.७ |
| वस्तु तथा सेवा आयात | १३२,६५७.६ | १६५,११२.४ | २१०,३६४.१ | १८५,५०५.८ | १८७,८७४.५ | २०२,९२४.५ | ३७.९ | ४२.३ | ३४.६ | ३२.९ | ३३.२ |
| खुद वस्तु तथा सेवा निर्यात | -१०६१९३.८ | -१४२८३०.९ | -१७७००९.३ | -१४७९०४.८ | -१४४३६०.४ | -१४९५३५.८ | -३२.८ | -३५.६ | -२७.६ | -२५.३ | -२४.५ |
| **कुल गार्हस्थ्य उत्पादन** | **३८८,८७०.४** | **४३५,२५५.०** | **४९७,६५५.८** | **५३६,६९९.६** | **५७०,९०९.७** | **६१०,७२२.१** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |
| खुद साधन आय | ४,५९५.४ | २,३२८.६ | २,८८४.० | ६,२८५.८ | ९,३६९.९ | ८,६६०.८ | ०.५ | ०.६ | १.२ | १.६ | १.४ |
| **कुल राष्ट्रिय आय** | **३९३,४६५.७** | **४३७,५८३.६** | **५००,५३९.७** | **५४२,९८५.५** | **५८०,२७९.६** | **६१९,३८२.९** | **१००.५** | **१००.६** | **१०१.२** | **१०१.६** | **१०१.४** |
| खुद ट्रान्स्फर | ९८,२२२.१ | १०७,१३५.२ | १११,७८७.७ | १३६,९६२.४ | १५७,१२४.४ | १७२,६३५.३ | २४.६ | २२.५ | २५.५ | २७.५ | २८.३ |
| **कुल राष्ट्रिय खर्चयोग्य आम्दानी** | **४९१,६८७.९** | **५४४,७१८.८** | **६१२,३२७.४** | **६७९,९४७.८** | **७३७,४०४.०** | **७९२,०१८.१** | **१२५.१** | **१२३.०** | **१२६.७** | **१२९.२** | **१२९.७** |
| **कुल गार्हस्थ्य बचत** | **२२,२४०.९** | **२७,७३८.१** | **३२,७६४.२** | **३८,७५६.७** | **३५,५२६.०** | **४०,०१५.१** | **६.४** | **६.६** | **७.२** | **६.२** | **६.६** |
| **कुल राष्ट्रिय बचत** | **१२५,०५८.४** | **१३७,२०१.९** | **१४७,४३५.९** | **१८२,००४.९** | **२०२,०२०.३** | **२२१,३११.१** | **३१.५** | **२९.६** | **३३.९** | **३५.४** | **३६.२** |

सं - संशोधित अनुमान ।
प्रा - प्रारम्भिक अनुमान ।
*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## तालिका ४
## राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क
(आधार वर्ष : २०८०/८१ = १००)

| महिना | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्य सूचकाङ्क | प्रतिशत परिवर्तन | मूल्य सूचकाङ्क | प्रतिशत परिवर्तन | मूल्य सूचकाङ्क | प्रतिशत परिवर्तन | मूल्य सूचकाङ्क | प्रतिशत परिवर्तन |
| | | | | | | | | |
| साउन | ८५.१८ | ४.३५ | ९२.२२ | ८.२६ | ९९.१६ | ७.५२ | १०३.२२ | ४.०९ |
| भदौ | ८५.०३ | ३.४९ | ९२.३८ | ८.६४ | ९९.९४ | ८.१९ | १०३.८० | ३.८६ |
| असोज | ८५.६७ | ४.२४ | ९२.९५ | ८.५० | ९९.९१ | ७.५० | १०४.७३ | ४.८२ |
| कात्तिक | ८७.४७ | ६.०४ | ९४.५४ | ८.०८ | ९९.६३ | ५.३८ | १०५.२० | ५.६० |
| मंसिर | ८७.६८ | ७.११ | ९४.१५ | ७.३८ | ९८.८१ | ४.९५ | १०४.७९ | ६.०५ |
| पुस | ८७.२० | ५.६५ | ९३.५४ | ७.२६ | ९८.४५ | ५.२६ | १०३.७८ | ५.४१ |
| माघ | ८७.४२ | ६.२४ | ९४.३१ | ७.८८ | ९९.०४ | ५.०१ | १०३.१६ | ४.१६ |
| फागुन | ८८.३५ | ७.१४ | ९४.९२ | ७.४४ | ९९.५० | ४.८२ | १०३.२३ | ३.७५ |
| चैत | ८८.८७ | ७.२८ | ९५.७७ | ७.७६ | १००.१९ | ४.६१ | १०३.५८ | ३.३९ |
| वैशाख | ९०.४० | ७.८७ | ९७.१० | ७.४१ | १०१.३७ | ४.४० | १०४.१७ | २.७७ |
| जेठ | ९१.३९ | ८.५६ | ९७.६३ | ६.८३ | १०१.७० | ४.१७ | १०४.४७ | २.७२ |
| **असार** | **९१.९४** | **८.०८** | **९८.७७** | **७.४४** | **१०२.३०** | **३.५७** | **–** | **–** |
| **वार्षिक** | **८८.०५** | **६.३२** | **९४.८६** | **७.७४** | **१००.००** | **५.४४** | **१०४.०१*** | **४.२४*** |

* एघार महिनाको औसत ।

# तालिका ५
## मौद्रिक सर्वेक्षण

*(रु. करोडमा)*

| मौद्रिक योगाङ्क | २०८० | २०८१ | २०८१ | २०८२ | परिवर्तन (एघार महिना) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | | २०८१/८२ | |
| | असार | जेठ | असार | जेठ[अ] | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१. खुद वैदेशिक सम्पत्ति** | **१४५,७५५.७** | **१९०,८६३.०** | **१९८,९२७.९** | **२५५,३८९.२** | **४२,५६७.१ १/** | **२९.२** | **४९,१४३.९ २/** | **२४.७** |
| १.१ वैदेशिक सम्पत्ति | १६३,३७२.९ | २०७,३३९.४ | २१५,०२४.४ | २७१,२६९.७ | ४३,९६६.५ | २६.९ | ५६,२४५.३ | २६.२ |
| १.२ वैदेशिक दायित्व | १७,६१७.२ | १६,४७६.४ | १६,०९६.६ | १५,८८०.६ | -१,१४०.८ | -६.५ | -२१६.० | -१.३ |
| क. विदेशी मुद्रा निक्षेप | ७,२७२.४ | ७,४७९.२ | ७,३७५.१ | ८,२११.६ | २०६.८ | २.८ | ८३६.५ | ११.३ |
| ख. अन्य वैदेशिक दायित्व | १०,३४४.८ | ८,९९७.२ | ८,७२१.४ | ७,६६८.९ | -१,३४७.६ | -१३.० | -१,०५२.५ | -१२.१ |
| **२. खुद आन्तरिक सम्पत्ति** | **४७२,१४९.८** | **४८३,१०१.१** | **४९८,४७८.५** | **४९९,१५६.५** | **१३,४९१.५ १/** | **२.९** | **७,९९५.४ २/** | **१.६** |
| २.१ कुल आन्तरिक कर्जा | ६१८,२६५.७ | ६३९,६७३.२ | ६५५,८०३.८ | ६७८,१२१.८ | २१,४०७.५ | ३.५ | २२,३१८.० | ३.४ |
| क. सरकारलाई गएको खुद कर्जा | १०१,९०६.५ | ८९,१६०.८ | १०५,७४४.७ | ८२,४१८.३ | -१२,७४५.७ | -१२.५ | -२३,३२६.४ | -२२.१ |
| अ. सरकारमाथिको दावी | १०७,७२९.३ | ११६,२७०.२ | ११५,१४०.२ | ११६,४१६.३ | ८,५४०.९ | ७.९ | १,२७६.१ | १.१ |
| आ. सरकारी निक्षेप | ५,८२२.८ | २७,१०९.४ | ९,३९५.५ | ३३,९९८.० | २१,२८६.६ | ३६५.६ | २४,६०२.५ | २६१.९ |
| ख. गैर-वित्तीय सरकारी संस्थाहरूलाई गएको कर्जा | ३६४.८ | ३६२.४ | ५९२.१ | ५५९.० | -२.४ | -०.७ | -३३.१ | -५.६ |
| ग. अन्य वित्तीय संस्थाहरूलाई गएको कर्जा | २५,६५९.५ | २७,३८८.३ | २९,२१७.६ | २९,५५५.८ | १,७२८.८ | ६.७ | ३३८.३ | १.२ |
